

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर दैनिक

The Worker Daily

Website : www.onlinemajdoor.com



भर्ना खुल्यो !!!
विगतको Private हाल Open SEE
साथै कक्षा 8, 9 & 10 मा
- English & Nepali Medium
- Morning & Day Classes
- Affordable fee & quality education
- Speical classes for needy students
१२ वर्षको अनुभव सहित
PENTAGON OPEN SCHOOL
भक्तपुर क्याम्पसको ठिक अगाडि
दुधपाटी, भक्तपुर
फोन नं. ०१-६६१२७७६
मो. ९८०१०५४६७०, ९८५१०४५८४९



वर्ष : २६ ★ अङ्क : ९५ ★ ने. सं. ११४४ चौला गा, तृतीया ★ शनिबार ★ १५ वैशाख, २०८१ ★ April 27, 2024, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# अव्यवस्थित सहरीकरणको विकल्प ‘स्मार्ट सिटी’ हुन सक्दैन : अध्यक्ष बिजुक्छेँ




भक्तपुर, १४ वैशाख । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको तेस्रो वास्तुकलाको प्रवृत्ति र सम्पदा (Architectural Trends and Heritage) सम्बन्धी राष्ट्रिय सम्मेलनको शुक्रबार पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा अतिथि बिजुक्छेंले सम्पदा संरक्षणको अर्थ भक्तपुरको प्राचीन सीप र शैलीबाट नयाँ युगको सेवा गर्नु हो भन्दै सम्पदा पुनरुत्थान गर्नुको उद्देश्य पुरानो ज्ञान र सीपलाई देश र समाजको सेवामा लगाउनु हो भन्नुभयो ।

अव्यवस्थित सहरीकरण ‘स्मार्ट सिटी’ हुन नसक्ने बताउँदै उहाँले मूर्त र अमूर्त सम्पदा संरक्षणमा विश्वविद्यालय, पुरातत्त्व विभाग र प्रज्ञा प्रतिष्ठानजस्ता प्राज्ञिक संस्थाहरू नै क्रियाशील हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, “ऐतिहासिक सम्पदा संरक्षण र संवर्द्धनसँगसँगै प्राचीनताको अध्ययनले वर्तमानदेखि मानव जातिलाई भविष्यको गन्तव्यसम्म पुगन सहयोग गर्छ । प्राचीन ‘रेशन मार्ग’ ले आज संसारलाई एक सूत्रमा बाँधन सबैले सहयोग गरेको सर्वविदित छ ।”

सङ्ग्रहालय र चिडियाखानाहरूको संरक्षण गर्दा प्राचीनता र इतिहासलाई वर्तमानसँग जोड्ने काम भएको बताउँदै उहाँले डार्बिनको सिद्धान्तले समाजमा एक विकासवादी सोचको प्रादुर्भाव भएको बताउनुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले प्राध्यापक, विद्यार्थी, आर्किटेक्ट, इन्जिनियर तथा नीति निर्माणकर्ताहरूले यस सम्मेलनमार्फत सम्पदा संरक्षण तथा विभिन्न विषयमा गहन छलफल गरी महत्त्वपूर्ण निष्कर्ष निकाल्ने अपेक्षा व्यक्त गर्दै आगामी वर्ष २०८२ माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिने जानकारी दिनुभयो ।

उहाँले भक्तपुर दरबार क्षेत्रमा अवस्थित सुनढोका, ५५ झ्याले दरबार, ताहा फल्चा, टौमढीको ५ डातापोल्हँ, भैरवनाथको मन्दिरलगायतका काष्ठकला, धातुकला, प्रस्तरकलाको उत्कृष्ट नमुनाहरू जस्ताको तस्तै संरक्षण गर्नु हामी सबैको साझा जिम्मेवारी र कर्तव्य हो भन्दै ती सम्पदा संरक्षण गरी त्यसैलाई आयस्रोतको रूपमा विकास गर्दै नगरपालिकाले विद्यालय, कलेज, अस्पतालबाट सेवाहरू प्रदान गरिरहेको बताउनुभयो ।

विभिन्न प्राविधिक कारणले भक्तपुरको लाल बैठक अझै पुन:निर्माण हुन नसकेको बताउँदै उहाँले सम्पदा संरक्षण गर्नु सबैको साझा जिम्मेवारी र कर्तव्य भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुर नगरलाई उदाहरणीय बनाउने उद्देश्यलाई साकार पार्न ‘सय वर्षपछिको भक्तपुर’ लाई मार्गदर्शनको रूपमा काम गरिरहेको


***बाँकी पृष्ठ ८ मा***


# शासक पार्टीहरूलाई फरक ठान्नु भ्रम हो

काठमाडौँ, १४ वैशाख । माओवादीबाट दोस्रोपटक अर्थमन्त्री भएका वर्षमान पुनले भने, “अर्थतन्त्रमा केही सुस्तता छ । निरुत्साहित अवस्थामा रहेको निजी क्षेत्रलाई उत्साहित बनाउन केही न केही दरिलो निर्णय गर्नुपर्नेछ ।”

आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको क्रममा अर्थमन्त्री पुनले केही अर्थविद्सँगको छलफलमा उक्त भनाइ राखेको समाचार छ ।

केही दिनअघिमात्र अर्थमन्त्री पुनले निजी क्षेत्रलाई नेपालको अर्थतन्त्रको चालक सीटमा राख्ने बताए ।

निजी क्षेत्रभित्र देशभक्त राष्ट्रिय पुँजी र देशघाती विदेशी दलाल पुँजी छन् । अहिले विदेशी दलाल पुँजीसँग नाता जोडेका निजी क्षेत्रको चुरीफुरी छ । अर्थमन्त्री पुनको भनाइ कतातिर तेर्सिएको छ ? पक्कै पनि विदेशी पुँजीका दलाल निजी क्षेत्र नै हुनुपर्दछ - नेपालको अर्थतन्त्रको चालक सीटमा बस्नेहरू !

विदेशी दलाल निजी क्षेत्रले सबथोक गर्ने भए अर्थमन्त्रालय र अर्थमन्त्री पुनको औचित्य छ र ? पुँजीवादको विकाससँगै असङ्ख्य मजदुरवर्गको जन्म भयो ।

मार्क्स-एङ्गेल्सले मजदुरवर्ग सचेत र सङ्गठित भएर उठ्ने र पुँजीपतिवर्ग समाप्त हुने निष्कर्ष निकाल्नुभएको थियो । यो नै मार्क्सवादको सार हो । एमाले र माओवादी आ-आफूलाई नेपालको कम्युनिस्ट आन्दोलनको मूलधार दावी गर्छन् । तर, दुवैको नीति निजीकरण अर्थात केही व्यक्तिलाई स्रोत साधन कब्जा गराउनेमा छन् । यो काममा एसका माधवकुमार नेपाल र राजमोका चित्रबहादुर केसी पनि साथ दिँदै छन् । नेपाली काङ्ग्रेसजस्तो विदेशी पुँजीको सेवा गर्ने पार्टीसँग चुनाव र सत्ता गठबन्धन गर्ने एमाले, माओवादी, एस, राजमो कसरी कम्युनिस्ट हुनसक्छन् ? यसकारण, नेपाली जनतामा नेका, एमाले, रास्वपा, राप्रपा, जसपा, एस, जनमत, लोसपा, नाउपा, राजमोजस्ता सरकारमा गएका पार्टीहरू फरक ठान्ने भ्रम हुनुहुँदैन ।

## कार्टुन




# व्यापक जनताको सेवा गर्न समाजवादी बन्दोबस्त आवश्यक

भक्तपुर, १४ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा हालै विश्व सर्वहारावर्गका महान् नेता लेनिनको १५४ औँ जन्म दिवस एक प्रशिक्षण कार्यक्रम गरी मनाइयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले महान् नेता भ्लादिमिर लेनिनको कुशल नेतृत्वमा पहिलो समाजवादी क्रान्ति सोभियत रुसमा गरेको चर्चा गर्दै समाजवादी क्रान्तिपछि साम्राज्यवादी देशको उपनिवेशमा रहेका एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरै देशहरूले राष्ट्रिय स्वतन्त्रता प्राप्त गरेको बताउनुभयो ।

उहाँले उक्त समाजवादी क्रान्तिले व्यक्तित्व विकासमा समान अवसर, उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क एवम् अनिवार्य, समाज बुद्धिजीवीकरण गरेको स्पष्ट पार्दै अमेरिका र पश्चिमी युरोपले १५० वर्षमा गरेको प्रगति सोभियत सङ्घले ३०-४० वर्षमा गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “सोभियत सङ्घ विघटनले देश १५ टुक्रामा विभाजित भयो । त्यहाँ असमानता, अपराध, बेरोजगारी र गरिबीलगायतका धेरै समस्या सृजना भयो । महिला समानताको स्थिति अन्त्य भयो । महिलाहरू असुरक्षित हुन थाल्यो । कामदार वर्ग माथि शोषण र दमन पुन: सुरु भयो । यसले मानव कल्याणको लागि समाजवादी बन्दोबस्त नै जरुरी छ भन्ने देखायो ।”

उहाँले भन्नुभयो, “सत्ताधारी दलका नेताहरूले सरकारमा गएर देशलाई रु. २४ खर्ब सार्वजनिक ऋणमा डुबायो, २० खर्ब व्यापार घाटा गरे, ९ खर्ब बढी बेरुजु बनाई देशलाई डुबायो ।”

कार्यक्रममा नेमकिपाका भक्तपुर जिल्ला समितिका सदस्य एनबीले विश्व सर्वहारावर्गका महान् नेता लेनिनले मार्क्सवादी सिद्धान्तको पहिलो प्रयोग सोभियत रुसमा गरेको र त्यसले पुँजीवादको विकल्प समाजवाद हो भनी प्रमाणित गरेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “नेपाल मजदुर किसान पार्टी मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई मार्ग निर्देशक सिद्धान्त मानी अगाडि बढिरहेको छ । यसले समाजवादी प्रचार अभियान जारी राखेको छ ।”

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष उपेन्द्र सुवालले सभापतिको आसनबाट संरा अमेरिकाका मजदुरहरूको सङ्घर्ष, बलिदान, त्याग, समर्पणले गर्दा मजदुरहरूको विजय भएको बताउनुभयो ।

नेमकिपा ललितपुरका सदस्य विष्णुभक्त महर्जनले नेमकिपा देशभक्त पार्टी भएकोले जनताको मनपराएका छन् ; शासक दलहरूले जनताको गरिबीको मौका छोपेर पैसा, सामान, बाँडेर मत लिने गर्नु बेठीक भएको बताउनुभयो ।

कार्यक्रममा विष्णुराम दुमरु, रमेश दुमरु, विक्रम ढुक्छुलगायतले नेपालमा उद्योग वा कलकारखाना नयाँ नयाँ बनाउँदै जानुपर्नेमा नेकाको सरकार आएपछि कारखाना निजीकरण गरेर ध्वस्त बनाएको चर्चा गर्नुभयो ।


डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नगर प्रमुख प्रजापतिद्वारा फर्निचर कारखानामा भएको आगलागी प्रभावित क्षेत्रको निरीक्षण



भक्तपुर, १४ वैशाख । भक्तपुर नगरपालिका वडा नं. २ स्थित सानो ब्यासीको तुमर्चास्थित फर्निचर उद्योगमा आगलागी भएको छ ।

वैशाख १४ गते बिहान करिब ३ बजेतिर फर्निचर कारखानामा भएको आगलागी प्रभावित क्षेत्रमा शुक्रबार बिहान भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थलगत निरीक्षण गर्नुभई आगलागी पीडितलाई भेटेर सहानुभूति व्यक्त गर्नुभयो ।

सो आगलागीबाट प्रेम गारु र विक्रम जतिको फर्निचर उद्योग पूर्णरूपमा क्षति पुगेको थियो । आगलागी भएको फर्निचर कारखानामा रहेको सीएनसी मेसिन, कम्प्रेसर मेसिन, थ्याकुम मेसिन, घोडा मेसिन, काठ र प्लाइ जलेर नष्ट भएको छ ।

सो आगलागीबाट करिब रु. ४० लाखको क्षति भएको अनुमान गरिएको छ । आगलागी के कारण भएको हो अहिलेसम्म खुल्न सकेको छैन । आगलागी करिब ३:४५ बजे जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको २ वटा दमकलले नियन्त्रण गरेको थियो ।

# विद्युत् बक्यौता राफसाफ गर्न अर्थमन्त्रीसँग मेयर्स फोरमको अनुरोध

पाटन (ललितपुर), १४ वैशाख । काठमाडौं उपत्यका मेयर्स फोरमले अर्थमन्त्री वर्षमान पुनसँग चालु आर्थिक वर्षसम्मको विद्युत् बक्यौता राफसाफ गरिदिन अनुरोध गरेको छ ।

विद्युत् प्राधिकरणले तीन महिनाअघि स्थानीय तहलाई विद्युत् महसुलको बक्यौता तिर्न बिलसहित पत्राचार गरेको थियो । काठमाडौं उपत्यका मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन नेतृत्वको टोलीले बिहीबार अर्थमन्त्रालयमा अर्थमन्त्री वर्षमान पुनसँग विद्युत् महसुलको बक्यौता राफसाफ गरिदिन आग्रह गरेको छ ।

अध्यक्ष महर्जनले आगामी आवदेखि स्थानीय तहले आफ्नो विद्युत् महसुल तिर्ने बताउनुभयो । "चालु आवसम्मको राफसाफ होस्, आउने आवदेखि ६०/४० मा जाऔं । विद्युत् महसुलबापत उठेको रकममध्ये ६० प्रतिशत स्थानीय तहले र ४० प्रतिशत विद्युत् प्राधिकरणले बेहोर्नुपर्ने व्यवस्था हुनुपर्छ," उहाँले भन्नुभयो ।

विद्युत् प्राधिकरणले २०७४ सालदेखिको महसुल असुल्न स्थानीय तहलाई पत्राचार गरेपछि उपत्यकाभित्रका स्थानीय तहहरू र मेयर्स फोरमले विरोध जनाउँदै आएको छ । अर्थमन्त्रीलाई भेट्न पुग्नुभएका जनप्रतिनिधिले नगरपालिकालाई प्राप्त बिलमा उल्लेखित रकम तथ्यपरक नभएको गुनासो गर्नुभएको छ । "कहिले देखिको बिल हो भन्ने थाहा छैन, कसरी त्यति उठ्यो भन्ने पनि थाहा छैन, यो बिलले स्थानीय तहको ढाड सेक्छ," अध्यक्ष महर्जनले भन्नुभयो । काठमाडौं उपत्यकालाई उज्यालोसहित सुरक्षित बनाउने अभियानमा लागेका जनप्रतिनिधिलाई विद्युत् प्राधिकरणले निराश बनाएको उहाँको आरोप छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख तथा फोरमका महासचिव घनश्याम गिरीले आगामी आवदेखि विद्युत् महसुल तिर्न आफूहरू तयार भएको बताउनुभयो ।

यसअघि फोरमका टोलीले ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेटेर स्थानीय तहलाई विद्युत् महसुल भुक्तानीको रकमउपर पुनर्विचार गर्न अनुरोध गरेका थिए । फोरमको गोकर्णेश्वरमा बसेको छैटौं बैठकले विद्युत् प्राधिकरणबाट विद्युत् महसुलको बक्यौता तिर्न आएको पत्रको बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीलाई भेटेर आफ्ना कुरा राख्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुरूप फोरमका पदाधिकारीहरू ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेट्न ऊर्जा मन्त्रालय पुगेका थिए । त्यसबखत मन्त्री बस्नेतले विद्युत् महसुल बक्यौताको बारेमा छलफल गर्न अर्थ मन्त्रालय जान अनुरोध गर्नुभएको थियो ।

अर्थमन्त्री वर्षमान पुनले काठमाडौं उपत्यका मेयर्स फोरमका जनप्रतिनिधिले राखेको मागमा छलफल गरेर अघि बढ्ने बताउनुभएको छ । प्राधिकरण पनि सरकारको अङ्ग भएकोले यो विषयमा सकारात्मक ढङ्गबाट अघि बढ्न सकिने उहाँले प्रस्ट पार्नुभयो ।

"प्राधिकरण, ऊर्जा मन्त्रालयमा छलफल गरौं, सकारात्मक ढङ्गबाट अघि बढौं," उहाँले भन्नुभयो । आफू ऊर्जा मन्त्री हुँदा पनि यो विषयमा छलफल गरेको उहाँले स्मरण गर्नुभयो ।

विद्युत् महसुलको बक्यौता तिर्ने सन्दर्भमा कानुनी छलफल, कानुन संशोधनलगायतका विषयमा छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अर्थमन्त्री पुनले विद्युत् महसुल नतिरेका कारण विद्युत् लाइन नकाट्न प्राधिकरणलाई निर्देशन दिनुभयो । *रासस*

# देशभर कक्षा १२ को परीक्षा शान्तिपूर्णरूपमा जारी

भक्तपुर, १४ वैशाख । देशभर शुक्रबार बिहान ८ बजेदेखि एकैसाथ कक्षा १२ को परीक्षा सुरु भएको छ । राष्ट्रिय परीक्षा बोर्डले ७७ जिल्लाका एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा सञ्चालन गरेको परीक्षा बिहान ८ बजेदेखि शान्तिपूर्णरूपमा सुरु भएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिनुभयो ।

बोर्डले देशभर एक हजार पाँच सय २५ र देशबाहिर जापानमा एक गरी कुल एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा निर्धारण गरेको थियो । जापानको परीक्षा केन्द्रमा पनि इमेलबाट प्रश्नपत्र पठाएर परीक्षा सञ्चालन भएको छ ।

बोर्डका अध्यक्ष डा. शर्माले भन्नुभयो, "कक्षा १२ को परीक्षा शुक्रबार बिहान ८ बजेदेखि देशभर एकैसाथ शान्तिपूर्णरूपमा सुरु भएको छ । विद्यार्थी उत्साहका साथ परीक्षामा सहभागी भएको जानकारी पाएका छौं ।"

यो वर्ष परीक्षामा नियमिततर्फ एक लाख ९६ हजार नौ सय १४ छात्रा र एक लाख ९३ हजार नौ सय ३३ छात्र गरी तीन लाख ९० हजार आठ सय ४७ परीक्षार्थी सहभागी भएका छन् । त्यस्तै ग्रेडवृद्धितर्फ एक लाख छ सय ५० विद्यार्थी सहभागी भएका छन् । देशभरका पाँच हजार पाँच सय ४२ विद्यालयका विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी भएका छन् ।

कुल एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा निर्धारण गरेकामा सबैभन्दा बढी काठमाडौंमा एक सय ४४ र मनाङ, मुस्ताङमा एक-एक परीक्षा केन्द्र निर्धारण गरेको छ ।

परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, कार्यालय सहयोगी गरी ३४ हजार एक सय ७१ जनशक्ति र १८ हजार तीन सय प्रहरी परिचालन भएका छन् । यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाइएको छ । इमेलबाट प्रश्नपत्र पठाउँदा 'टाइम पासवर्ड' को व्यवस्था गरेको छ । *रासस*

# ओहोदाको प्रमाणपत्र प्रस्तुत

काठमाडौं, १४ वैशाख । टर्कीएका लागि नेपालका गैरआवासीय राजदूत तापस अधिकारीले त्यहाँका राष्ट्रपति रेसेप तैयप एर्दोगानसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको छ ।

अङ्कारास्थित राष्ट्रपति प्रासादमा बिहीबार आयोजित विशेष समारोहमा उहाँले आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको इस्लामाबादस्थित नेपालको राजदूतावासले जनाएको छ । श्री अधिकारी पाकिस्तानका निम्ति नेपालको आवासीय राजदूत हुनुहुन्छ ।

राष्ट्रपति एर्दोगानले राजदूत अधिकारीलाई टर्कीएको पनि कार्यभार सम्हालेकामा बधाई ज्ञापन गर्दै राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालप्रति शुभकामना व्यक्त गर्नुभयो । उहाँले राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालका साथै नेपाली जनताको निरन्तर समृद्धिको कामना पनि गर्नुभयो ।

ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेपछि राष्ट्रपति एर्दोगानसँग भएको शिष्टाचार भेटमा राजदूत अधिकारीले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का तर्फबाट टर्कीएका राष्ट्रपतिको व्यक्तिगत सुख, सुस्वास्थ्यका साथै टर्कीएका जनताको निरन्तर प्रगतिको कामना गर्नुभएको थियो ।

राजदूत अधिकारीले नेपाल र टर्कीएबिचको सम्बन्ध आपसी विश्वास र सहयोगमा आधारित रहेको उल्लेख गर्दै दुवै देशले साझा चासोका विषयमा संयुक्त राष्ट्रसङ्घलगायत अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा सहकार्य गर्दै आएको बताउनुभयो । साथै उहाँले टर्कीएसँगको सम्बन्ध विस्तारका निम्ति इमानदारीपूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको उक्त दूतावासले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा जनाएको छ । *रासस*

# ललितपुरमा लेनिन जयन्ती

ललितपुर, १४ वैशाख । नेपाल क्रान्तिकारी महिला सङ्घ महालक्ष्मी नगर समिति ललितपुरको आयोजनामा विश्व सर्वहारावर्गका महान् नेता भ्ला. ई. लेनिनको १५४ औं जन्मजयन्तीको अवसरमा अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन.महर्जनले विश्व सर्वहारावर्गका महान् नेता लेनिनले मार्क्सवादी सिद्धान्त व्यवहारिक सिद्धान्त हो भनी सोभियत रुसमा अक्टोबर समाजवादी क्रान्ति गरेर देखाएको बताउनुभयो ।

सोभियत सङ्घको समाजवादी क्रान्तिले बेलायत, फ्रान्स, स्पेन, अमेरिका, जापानलगायतका साम्राज्यवादी देशले उपनिवेश चलाइराखेका एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरै देशहरूले स्वतन्त्रता हासिल गरेको उल्लेख गर्दै उहाँले चीन, भियतनाम र प्रजग कोरियालगायतका देशमा समाजवादी क्रान्ति सम्पन्न भएको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "सोभियत कम्युनिस्ट सरकारले वायु सेवा, रेल सेवा, टेलेफोन सेवा, यातायात सेवालगायत सम्पूर्ण ठुला सेवा तथा कार्यहरू सरकारीकरण गरेर जनतालाई कम शुल्कमा सेवा पुऱ्याएको थियो । सोभियत सङ्घका जनताले गुणस्तरीय जीवन बिताउन पाएका थिए । समाजवादी देश सोभियत सङ्घ साम्राज्यवादीको एजेन्टहरूको नेतृत्वमा सत्ता पुगेपछि त्यहाँ असमानता, अपराध, बेरोजगरी र गरिबीलगायतका धेरै समस्या सृजना भयो ।"

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले मार्क्सवाद मानव समाज र प्रकृतिको विकाससम्बन्धी नियमहरूको अध्ययन गर्ने, शोषित तथा उत्पीडितवर्गको नेतृत्वमा हुने क्रान्तिको अध्ययन गर्ने र संसारका सबै देशहरूमा समाजवादको विजय हुने विज्ञान भएको चर्चा गर्नुभयो ।

नेमकिपा महालक्ष्मी वडा नं ६ का इन्चार्ज आशाराम महर्जनले कार्यकर्ताहरूले क्रान्तिकारी नेताहरूको जीवनी अध्ययन गर्नुका साथै राष्ट्रिय र अन्तराष्ट्रिय मजदुर, किसान, शोषितपीडित तथा उत्पीडित जनताको आन्दोलन र गतिविधिसम्बन्धी जानकारी राखी जनतालाई शिक्षित गर्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ ललितपुर जिल्ला सदस्य रुपा महर्जनले कामदार महिलाहरू राजनैतिकरूपमा शिक्षित गर्दै जानु जरुरी भएको उल्लेख गर्दै अन्य महिला सङ्घले महिलालाई राजनैतिकरूपमा सचेत गर्ने कार्य नगरी एनजीओ पैसा पचाउने कार्य गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ महालक्ष्मी नगर समितिका कृष्णराज महर्जनले रुसको डिसेम्बर विद्रोह पुस्तकले युवाहरूको विचार सही ठाउँ मा ल्याउन मद्दत गर्ने र लेनिनले त्यस डिसेम्बर विद्रोहबाट सिकेर रुसमा समाजवादी क्रान्ति गर्नुभएको थियो भन्नुभयो ।

अनिता महर्जनको सभापतित्वमा भएको कार्यक्रममा अनिष महर्जन, तुल्सी, रवि महर्जनलगायतले साम्यवादी व्यवस्थाले सम्पूर्ण मानव जातिको कल्याण गर्न सकिने उल्लेख गर्नुभयो ।

# दुग्ध विकास संस्थानद्वारा किसानलाई ४८ करोड भुक्तानी

काठमाडौं, १४ वैशाख । दुग्ध विकास संस्थान (डिडिसी) ले किसानलाई रु. ४८ करोड भुक्तानी गरेको छ । डीडीसीले वैशाखमा दुग्धजन्य पदार्थको बिक्री वितरण बढेसँगै १३ दिनमा रु. ४८ करोड रकम भुक्तानी गरेको हो ।

संस्थानका निमित्त महाप्रबन्धक राजेन्द्रप्रसाद अधिकारीले गर्मी याम प्रारम्भ भएसँगै दुग्धजन्य पदार्थ (दूध, दही, मोही, पनिर, लसी, आइसक्रिम) को बिक्री बढेकाले किसानको रकम भुक्तानी गर्न सहज भएको राससलाई जानकारी दिनुभयो ।

"गर्मीमा दुग्धजन्य पदार्थको बिक्रीमा पचास प्रतिशतले बिक्री बढेकाले नगद प्रवाह बढेको र कृषक भुक्तानीलगायत अन्य भुक्तानीमा क्रमिकरूपले सहज भएको छ," अधिकारीले भन्नुभयो । डिडिसीले वैशाख लागेपछि विराटनगर क्षेत्रमा रु. १० करोड, जनकपुर क्षेत्रमा रु. एक करोड, हेटौंडा क्षेत्रमा रु. आठ करोड, लुम्बिनी क्षेत्रमा रु. चार करोड २५ लाख, नेपालगञ्ज क्षेत्रमा रु. दुई करोड ७५ लाख, धनगढी क्षेत्रमा रु. एक करोड ५० लाख र काठमाडौं क्षेत्रमा रु. १३ करोड किसानको रकम भुक्तानी गरेको हो ।

डिडिसीले हेटौंडामा सञ्चालन गरेको डिडिसी पशु आहारा उद्योगबाट किसानले दाना खरिद गरी पैसा भुक्तानी गर्न बाँकी रु. छ करोड रकम कट्टासमेत गरेको निमित्त महाप्रबन्धक अधिकारीले बताउनुभयो । डिडिसीले हेटौंडामा सञ्चालित पशु आहारा उद्योगबाट मासिक पाँच लाख किलो दाना उत्पादन हुँदै आएको छ । *रासस*

# भूकम्पमा गोडा गुमाएकालाई ललितपुर महानगरको सहयोग

पाटन (ललितपुर), १४ वैशाख । खुट्टा गुमाएका सात जनालाई कृत्रिम खुट्टा राख्न ललितपुर महानगरपालिकाले सुन्दर ढोका साथीसेवा नामको संस्थालाई आर्थिक सहयोग गरेको छ ।

महानगरपालिकाले उक्त संस्थालाई रु. चार लाख ४३ हजार पाँच सयको चेक बिहीबार प्रदान गरेको हो । विसं २०७२ को भूकम्पमा खुट्टा गुमाएका सात बालबालिकालाई कृत्रिम खुट्टाको व्यवस्थाका लागि उक्त रकम प्रदान गरिएको महानगरप्रमुख चिरीबाबु महर्जनले बताउनुभयो ।

"अपाङ्गता भएकाहरूको जीवन सहज बनाउन नसके हामीले भनेको ललितपुर महानगर 'स्मार्ट' सहर बन्दैन, त्यसैले हामी उहाँहरूसँगै छौं । यो सुन्दरढोका साथीसेवाले अपाङ्गताको क्षेत्रमा उदाहरणीय काम गरेको छ । यस्तो संस्थासँग सहकार्य गर्दै अपाङ्गता भएकाहरूको मुहारमा खुसी ल्याउन हामी प्रतिबद्ध छौं," नगरप्रमुख महर्जनले भन्नुभयो ।

उहाँले जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गर्न विनियोजन गरेको रकम तालिममा खर्च नगरी अपाङ्गता भएकाहरूका लागि 'ह्वीलचियर' खरिदमा खर्च गरिएको जानकारी दिनुभयो । सुन्दर ढोका साथीसेवाका अध्यक्ष कोषविलास अधिकारीले प्राकृतिक खुट्टाविहीनलाई सहयोग गरेकामा कृतज्ञता व्यक्त गर्नुभयो ।

कृत्रिम खुट्टाका निम्ति सिफारिस भएका निशा बुढा र मोहन रोकाले प्राप्त सहयोगबाट आफूहरूलाई जीवन यापनमा सहज हुने विश्वास व्यक्त गर्नुभयो । *रासस*

# महोत्तरीका अग्निपीडितलाई राहत सामग्री जुटाइँदै

महोत्तरी, १४ वैशाख । अग्निपीडित महोत्तरीको मटिहानी-६ जरलहवागाछी टोलका बासिन्दाका लागि धमाधम राहत सामग्री जुटाइँदै छ । गत बुधबारको आगलागीले घर गुमाएका परिवारलाई शुक्रबार बिहान जनकपुरधामस्थित न्यूरो हस्पिटल तथा रिसर्च सेन्टरले राहत सामग्री प्रदान गरेको छ ।

बुधबार मध्याह्नको आगलागीमा सो बस्तीका एक सय १० घर जलेका थिए । आगोले अन्य ५० घरको अन्न, लुगाफाटा र अन्य सामग्रीमा क्षति भएको थियो । अग्निपीडित परिवारलाई मटिहानी नगरपालिकाले तत्काल तयारी खाना, पानी र ओतका लागि त्रिपाल उपलब्ध गराएको छ । पालिकाले चामल र रु. पाँच हजार नगद नगरपालिकाले उपलब्ध गराएको छ । यसैगरी, रेडक्रस महोत्तरी शाखाले भाँडाकुँडा उपलब्ध गराएको छ भने मटिहानी-८ का सुनचाँदी व्यवसायी जयशङ्कर गुप्ता र जलेश्वर-२ का मनुराज चौधरीले राहत सामग्री सहयोग गर्नुभएको छ । जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले अग्निपीडित परिवारलाई रु. २० हजार उपलब्ध गराउने निर्णय गरेको छ ।

यसैबिच, सरकारले जरलहवागाछी बस्तीको आगलागी घटनाबारे वास्तविक अवस्था पहिचान गर्न टोली परिचालन गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरणका सहसचिव गोगनबहादुर हमाल नेतृत्वको टोलीमा गृह मन्त्रालयका उपसचिव रमा आचार्य र प्राधिकरणकै उपसचिव डा. डिजन भट्टराई र डढेलोविज्ञ सुन्दर शर्मा हुनुहुन्छ ।

टोलीले क्षतिको यकिन गरी पीडितलाई राहत तथा पुनःस्थापनाका लागि तीनै तहका सरकारसँग समन्वय गरी गरिनुपर्ने कामबारे सुझाव दिने प्राधिकरणले जनाएको छ । बस्तीका अग्निपीडितलाई आवश्यक राहत जुटाउन सहयोग गरीदिन मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले लगातार सार्वजनिक अपिल गर्दै आउनुभएको छ । ***रासस***



**पुर्ख्यौली पुस्ता हस्तान्तरण :**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङमा आयोजित पुर्ख्यौली नाच प्रतियोगितामा भुरुङको पुर्ख्यौली समूहबाट मादलेको भूमिकामा सहभागी १० वर्षका बालक सायुज फगामी । पुर्ख्यौलीको पुस्तान्तरणका लागि बालबालिकालाई नाचमा सहभागी गराउन थालिएको छ । *तस्बिर: कमल खत्री/रासस*

# सल्यानटारका विद्यार्थीले बनाए विद्युतीय गाडी

मलेखु (धादिङ), १४ वैशाख । धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१ रानीपौवा माध्यमिक विद्यालयमा अध्ययनरत दुई विद्यार्थीले चार पाङ्ग्रे विद्युत्तीय गाडी (कार) निर्माण गरेका छन् । कक्षा १० मा अध्ययनरत सौरभ बसौला र सुशील अधिकारीले विद्युतीय गाडी निर्माण गरेका हुन् ।

दुई सय किलोभन्दा बढी भार बोकेर गुड्न सक्ने गाडी दुई साता लगाएर तयार पारिएको निर्माणमा संलग्न विद्यार्थी बसौलाले बताउनुभयो ।

अर्का विद्यार्थी अधिकारीले भन्नुभयो, “कक्षा कोठामा विज्ञान शिक्षकले विद्युतीय गाडीको बारेमा जानकारी दिनुभयो, त्यसपछि गाडी निर्माण गर्न सकिन्छ भन्ने लाग्यो । अनि दुवै जना मिलेर गाडी बनाएका हौँ । हामीले कवाडी बनेका गाडीका पार्टपुर्जा प्रयोग गरेर गाडी निर्माण गरेका हौँ ।”

केही किनेर र केही स्थानीयरूपमा प्राप्त सामग्री प्रयोग गरेर गाडी तयार गरिएको हो । गाडीको क्षमता चालकसहित तीन जना अट्ने रहेको छ । दुई सय ५० वाटको दुई मोटर र १२ भोल्टको दुई ब्याट्री जडान गरिएको सो गाडीलाई एक पटक चार्ज गरेपछि तेर्सो बाटोमा दुई घण्टासम्म गुडाउन सकिन्छ । जति बढी भोल्टको ब्याट्री जडान गर्‍यो त्यति नै बढी भार बोक्न सकिने निर्माणमा संलग्न विद्यार्थीको भनाइ छ ।

सहयोग प्राप्त भए अहिलेको भन्दा अत्याधुनिक विद्युतीय गाडी निर्माण गर्न सकिने उहाँहरू बताउनुहुन्छ । बसौला र अधिकारीले विद्युतीय गाडी निर्माण गर्ने क्रममा भएको खर्च त्रिपुरासुन्दरी गाउँपालिकाले बेहोर्ने भएको छ । गाउँपालिकाका अध्यक्ष राजु उप्रेतीले विद्यार्थीको कामले प्रभावित भएको बताउनुभयो । ‘अध्यक्षसँग विद्यार्थी कार्यक्रम’ को बजेटबाट गाउँपालिकाको जुनसुकै विद्यालयका विद्यार्थीको क्षमता वृद्धि गर्न आवश्यक सहयोग गर्ने उहाँको भनाइ छ ।

गाउँपालिका र विद्यालयले गाडी बनाउने दुवै विद्यार्थीलाई सम्मान गरेको छ । अध्यक्ष उप्रेतीले उहाँहरूलाई नगदसहित सम्मान गर्नुभएको हो । गाडी प्रदर्शन कार्यक्रममा पुग्नुभएका जनप्रतिनिधि, अभिभावक र शिक्षकलाई बसौला र अधिकारीले कारमा चढाएर घुमाउनुभएको थियो । गाडी बनाउनुभन्दा पहिला उहाँहरूले वर्षा र बाढी आएको थाहा पाउन सकिने विद्युतीय रोबोट निर्माण गरी प्रदर्शन गरेको विद्यालयका विज्ञान शिक्षक भुवन उप्रेतीले जानकारी दिनुभयो । ***रासस***

# चेपाङ आवास कार्यक्रम इच्छाकामनाका २२ घर निर्माण

भरतपुर (चितवन), १४ वैशाख । चेपाङ आवास कार्यक्रमअन्तर्गत इच्छाकामना गाउँपालिकामा २२ घर निर्माण भएका छन् । सङ्घीय सरकारको रु. एक करोड ५० लाख अनुदानबाट विपन्न ती घर निर्माण गरिएका हुन् । पालिकाका सात वडामा आर्थिक अवस्था कमजोर भएका चेपाङ समुदाय छनोट गरेर घर निर्माण गरिएको इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले जानकारी दिनुभयो । अब एक महिनाभित्रमा सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गरिनेछ ।

अध्यक्ष गुरुङले भन्नुभयो, “घडेरी सम्याउने र जग खनेर ढुङ्गा हाल्ने काम सम्बन्धित लाभग्राहीको हो । अरु सबै गाउँपालिकाले निर्माण गरिदिएको छ ।” उहाँले गाउँपालिकाले खरको छाना भएका र आर्थिक अवस्था कमजोर भएका चेपाङ परिवारलाई टिनको छानाको व्यवस्था गरेको जानकारी दिनुभयो । पालिकाको वडा नं १ मा पाँच, वडा नं २ मा दुई, वडा नं ३ मा दुई, वडा नं ४ मा दुई, वडा नं ५ मा दुई, वडा नं ६ मा तीन र वडा नं ७ मा छवटा घर निर्माण गरिएको छ ।

इच्छाकामना गाउँपालिका-१ कोलभन्ज्याङका अरसल चेपाङ भूकम्पले पुरानो घर भत्किएपछि छाप्रामा बस्दै आएको बताउनुभयो । उहाँले बर्खामा पानी चुहिने र हिउँदमा हुरीबतास र आगलागीको डर अब अन्त्य भएको बताउनुभयो । “गाउँपालिकाले घर बनाइदिएपछि निकै खुसी छौँ, छजनाको परिवार एउटै कोठामा बस्नुपर्ने बाध्यता अन्त्य हुने भएको छ,” उहाँले भन्नुभयो । इच्छाकामना गाउँपालिकामा दुई हजार पाँच सय चेपाङ परिवारको बसोबास छ । ***रासस***

# सुदूरपश्चिम प्रदेशमा आयातीत औलोका बिरामी बढी

कञ्चनपुर, १४ वैशाख । सुदूरपश्चिम प्रदेशमा स्थानीयको तुलनामा आयातित औलोका बिरामीको सङ्ख्या निकै बढी रहेको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीका अनुसार आयातित औलोका बिरामीको सङ्ख्या एक सय ३९ रहेको छ भने स्थानीय औलोका बिरामीको सङ्ख्या ११ रहेको छ । प्रदेशमा औलोका बिरामीको कुल सङ्ख्या एक सय ५० रहेको छ ।

गत वर्ष आयातित औलोका बिरामीको सङ्ख्या एक सय ८४ र स्थानीय बिरामीको सङ्ख्या ३९ रहेको थियो । आयातित औलोका बिरामीमा अधिकांश भारतबाट फर्केकाहरू रहने गरेका छन् । अधिकृत जोशीले भन्नुभयो, “भारतमा कमाउन जानेहरू औलोको सङ्क्रमणमा परेपछि घर फर्कने गर्दछन् । औलोको परजीवी बोकेर भारतबाट फर्कनेलाई लामखुट्टेले टोकेर, त्यसपछि अरुलाई टोक्दा परजीवी सारेर सङ्क्रमण गराउँदछ ।”

खुला सीमा क्षेत्र भएकाले औलोको सङ्क्रमणमा परेका सिधै घर पुग्ने गर्दछन् । सीमा क्षेत्रमा रक्त परीक्षणको भरपर्दो व्यवस्था नहुँदा पनि औलो रोकथाममा समस्या रहेको उहाँको भनाइ छ । उहाँकाअनुसार आयातित औलोको सङ्क्रमण रोक्नका लागि समुदायमा खोजपडतालको कार्य गरिँदै आएको छ ।

उहाँले भन्नुभयो, “समुदायमा भारतलगायत अन्य क्षेत्रबाट औलोको सङ्क्रमण भएर आएका व्यक्तिबारे अध्ययनको कार्य गर्छौं । बिरामीलाई उपचारका लागि स्वास्थ्य संस्थामा पठाइने गरिन्छ, औलो सार्ने लामखुट्टेबारे अध्ययन र अनुसन्धानको कार्य पनि गर्दै आएका छौँ ।” यसै कारणले औलोका बिरामीको सङ्ख्या विगतको तुलनामा घट्दै गएको उहाँले जानकारी दिनुभयो ।

जलवायु परिवर्तनको असरले पृथ्वीको तापक्रममा वृद्धि भएसँगै र सडक यातायातको व्यवस्थाले तराई क्षेत्रमा पाइने लामखुट्टे हाल पहाडीदेखि हिमाली जिल्लामा पनि पाइन थालेको उहाँले उल्लेख गर्नुभयो । औलोका दुई किसिमका परजीवी पाइने गरेको जानकारी दिँदै उहाँले जसमा प्लाज्मोडियम फाल्सीपारम र प्लाज्मोडियम भाइभेक्स रहेका छन् ।

त्यसमध्ये प्लाज्मोडियम फाल्सीपारम परजीवीलाई जटिल प्रकृतिको मानिन्छ । सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा फेला परेका एक सय ५० औलोका बिरामीमध्ये प्लाज्मोडियम फाल्सीपारम परजीवीको सङ्क्रमण भएका बिरामीको सङ्ख्या २० रहेको छ । अन्य एक सय ३० मा प्लाज्मोडिम भाइभेक्स परजीवी फेला परेको अधिकृत जोशीले बताउनुभयो ।

जोशीले सबैभन्दा बढी औलोका बिरामी ७४ जना कैलालीमा देखा परेकामा त्यसपछि कञ्चनपुरमा २७, अछाममा २०, बाजुरामा ११, डोटीमा सात, बझाङमा दुई, बैतडीमा तीन र डडेल्धुरामा छ जना औलोका बिरामी देखा परेको बताउनुभयो ।

उहाँका अनुसार सुदूरपश्चिममा औलोको उच्च जोखिममा रहेको जनसङ्ख्या २४ लाख ८६ हजार रहेको छ । औलोका बिरामी पत्ता लगाउन ९५ हजार तीन सय ५० जनाको रक्त नमुना परीक्षणको कार्य गरिएको छ । औलोको उच्च जोखिम क्षेत्रमा रहेका ८५ हजार पाँच सय ५३ समुदायमा कीटनाशक झुल वितरणको कार्य गरिएको छ ।

गर्भवती तथा जोखिम समूहका लागि ११ हजार सात सय ४६ कीटनाशक झुल वितरण गरिएको छ । औलोको सङ्क्रमण रोक्नका लागि विषादी छिड्काउबाट ५१ हजार दुई सय १७ जना लाभान्वित भएका छन् । औलो सङ्क्रमित एनोफिलिज जातको पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । औलोबाट बच्ने मुख्य उपाय भनेकै लामखुट्टेको टोकाइबाट बच्नु रहेको छ ।

औलो लागेमा टाउको दुख्ने, वाकवाकी हुने, वान्ता हुने हातखुट्टा तथा जोर्नी दुख्ने, ज्वरो आउनेजस्ता लक्षण देखा पर्ने गर्दछन् । लामखुट्टेको टोकाइबाट बच्नका लागि पूरा शरीर छोप्ने लुगा लागाउने, सुत्दा कीटनाशक झुलको प्रयोग गर्ने, घर वरिपरिको पानीका खाल्डाखुल्डी पुर्ने, घर वरिपरिको घाँसलगायतको झाडी सफा गर्ने, धुप बाल्नेलगायत गर्नुपर्दछ ।

औलो रणनीतिक योजना २०१४-२०२५ अनुसार देशलाई सन् २०२५ सम्म औलो मुक्त राष्ट्र बनाउने परिकल्पना गरिएको छ । यस अवधिमा औलो निवारणका लागि गुणस्तरीय सेवामा समुदायको पहुँच अभिवृद्धि गर्ने, औलो रोकथाम तथा महामारीमा तत्काल प्रतिकारात्मक कार्य गर्ने रहेको छ । ***रासस***

# चार वर्षमा आगलागीबाट कर्णालीमा ५५ जनाको मृत्यु

काँक्रेविहार (सुर्खेत), १४ वैशाख । कर्णाली प्रदेशमा विगत चारवर्षमा आगलागीबाट ५५ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आगलागीकै कारण ६७ करोड ९७ लाख ३२ हजार बराबरको क्षति भएको छ ।

उक्त तथ्याङ्कअनुसार मुगुमा रु. ३१ करोड २८ लाख ४४ हजार बराबरको क्षति भएको छ । त्यस्तै, जुम्लामा रु. ११ करोड ६६ लाख ४७ हजार बराबरको क्षति भएको छ । कर्णालीमा आर्थिक वर्ष २०७७/०७८, ०७८/०७९, ०७९/०८०, र चालु आवको चैत मसान्तसम्म आगलागीमा परी ६७ जना घाइते भएका छन् । आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति कालीकोटमा भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक वीरबहादुर ओलीले जानकारी दिनुभयो ।

ओलीका अनुसार कालीकोटमा १३ जना, डोल्पामा आठ जना, सल्यानमा सात, सुर्खेत र जुम्लामा छ-छ जना, दैलेखमा पाँच, मुगुमा चार, जाजरकोट, रुकुमपश्चिम र हुम्लामा दुई-दुई जनाको मृत्यु भएको छ । दुई सय ७८ घर परिवार विस्थापित भएका छन् । तीन सय ५८ वटा पशुचौपायाको क्षति भएको छ ।

चार वर्षमा सबैभन्दा बढी जुम्लामा एक सय २३ घर परिवार विस्थापित भएका छन् । सल्यानमा ४०, जाजरकोटमा ३३, कालीकोटमा ३१, रुकुम पश्चिममा २५, सुर्खेतमा २०, दैलेखमा चार, हुम्लामा दुई घर परिवार विस्थापित भएका हुन् ।

आगलागी तथा विभिन्न विपद्मा तत्काल उद्धारका लागि कर्णालीका १० वटै जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा ३५ जनाको टोली २४ सै घण्टा तयारी अवस्थामा राखिएको प्रवक्ता ओलीले जानकारी दिनुभयो ।

आगलागी तथा वन डढेलो नियन्त्रणका लागि प्रहरी एक्लैले सम्भव नभएकाले स्थानीय सरकार तथा समुदायले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो । कर्णालीमा वनजङ्गल नजिकै बस्ती र खरको छानो भएकाले आगलागीका घटना धेरै हुने गरेका छन् । चैत महिनामा मात्रै आगलागीमा परी कर्णालीमा सात जनाको मृत्यु भएको छ ।

गत चैत २ मा बाख्रा चराउन गएका कालीकोटको खाडाचक्र-५ ढाडगाउँस्थित नवदुर्गा सामुदायिक वनमा लागेको डढेलोमा परी ५० वर्षका नन्दराम चौलागाईं र उहाँकी १२ वर्षीया छोरी हेमन्तीको मृत्यु भएको थियो । नन्दरामका ४५ वटा बाख्रा जलेर मरेका थिए ।

यस्तै चैत ३० गते हुम्लाको सर्केगाड गाउँपालिका-८ रादेउ कुरिल्ला लेखको आफ्नै भैँडीगोठमा राति आगलागी हुँदा ५५ वर्षीय हर्के ऐडीको मृत्यु भएको थियो । भैँडीगोठको आगलागीबाट ६० वटा भैँडासमेत मरेका थिए । चैतमै ३० मा डोल्पामा आगलागीमा परी १० वर्षका सुलज बुढाको मृत्यु भयो । उपचारका क्रममा जिल्ला अस्पताल डोल्पामा बुढाको मृत्यु भएको थियो ।

त्यसैगरी, चैत २६ गते डोल्पाको ठुलीभेरी नगरपालिका-३ स्थित मष्टा भवानी सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा गम्भीर घाइते भएका नेपाली सेनाको देवीदत्त गुल्मका तीन जना सिपाहीको मृत्यु भएको थियो । मृत्यु हुनेमा काभ्रे घर भएका ३८ वर्षका सेनाका जमदार केशवबहादुर जर्गा मगर र हुम्ला घर भएका २३ वर्षका सिपाही आशीष बुढा र जुम्लाको तातोपानी गाउँपालिका-४ का २४ वर्षीय हेमन्त रावत थिए ।

कर्णालीमा अझै कतिपय घरमा टुकी, दियालो बाल्ने गरेको र चुरोट तमाखु खाँदा फालिएको आगोलगायतले आगलागी हुने गरेको प्रहरीको भनाइ छ । सहरी क्षेत्रमा भने विद्युत् सर्ट भइ आगलागी हुने गरेका छन् ।

गाउँका सामुदायिक वनमा घाँस राम्रो पलाउने भन्दै आगो लगाउने प्रवृत्ति रोकिएको छैन । गोठालो जाने स्थानीयवासी र बालबालिकाले आगो लगाउने गरेका छन् । आगो लगाउँदा कसैले कारबाही नभोगेका कारण बर्सेनि आगलागीका घटना बढेको हो । यसरी आगो लगाउँदा वनक्षेत्रसँगै जङ्गली जनावार, चराचुरुङ्गी मासिने गरेको छ । ***रासस***

। सम्पादकीय ।

# शासकहरूको सम्पत्ति सार्वजनिक गर्नु पर्दैन ?

बहुमत जनताको सेवा र हित छोडेर अल्पमतवर्गको सेवा गर्ने सरकार लोकप्रिय सरकार हुँदैन । अल्पमत वर्गको सेवा गर्ने सरकार लोकतान्त्रिक या प्रजातान्त्रिक सरकार हुनेछैन । पुँजीपति, जमिनदार, सामन्त, प्रतिक्रियावादी, भ्रष्टाचारी, कमिसनखोरहरूको सेवा गर्ने सरकारले शोषितपीडित जनताको पक्षपोषण गर्दैन । जसरी भए पनि कमाउने धन्दामा लागेको सरकारले न आफ्नो जिम्मेवारी पूरा गर्छ न त उत्तरदायित्व नै वहन गर्छ । प्रजातान्त्रिक सरकारका मन्त्रीले आफ्नो सम्पत्ति सार्वजनिक गर्छ ; पदको दुरूपयोग गरी अकुत सम्पत्ति आयआर्जन गर्दैन । भ्रष्टाचारी, कालाबजारी, कमिसनखोर, अपराधीहरूलाई कडाभन्दा कडा कारबाही गर्न सरकार पछि हट्दैन । विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गरिएको हुन्छ । सम्पत्तिको सीमा तोकिएको हुन्छ । आयआर्जन या आम्दानीअनुसार ऊसँग कर लिएको हुन्छ या देशमा प्रगतिशील कर लागु गर्छ । तर, देशमा सुशासन र विधिका शासनको कुरा खोक्ने सरकारले मन्त्रीहरूको सम्पत्ति सार्वजनिक गराउन पाइला चाल्दैन । मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको सम्पत्ति सार्वजनिक नगरी गोप्य राखेर देशमा कसरी सुशासन हुन्छ र भ्रष्टाचारीहरू कसरी पत्ता लाग्छ ?

सरकार पदको दुरूपयोग गरी कमाइएको पैसालाई जफत गर्ने या राष्ट्रियकरण गर्नुको सट्टा वैध बनाउने नीति तय गर्छ । कसैले कर तिरेको आधारमा अवैध सम्पत्तिलाई वैध बनाउने सरकारी नीतिले देशमा भ्रष्टाचार गर्ने मौका पिाउँछ , भ्रष्टाचारीहरूले स्थान पाउँछन् । यसले अवैध सम्पत्ति कमाउन दिने बाटो खोल्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ मा प्रधानमन्त्री र मन्त्रीले पद बहाल भएको ६० दिनभित्र र आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र तोकिएको निकामा सम्पत्ति पेस गर्नुपर्ने व्यवस्था छ । भ्रष्टाचार निवारण ऐनले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने पनि उल्लेख छ । सरकारी निकायमा रहेको बन्दोबस्त लागु गर्न सरकार किन पछि हट्छ ? मन्त्री र उच्चपदस्थ पदाधिकारीहरूले गर्ने अपराधलाई छोप्ने काम सरकारले गर्नु उचित होइन ।

उच्चपदस्थ पदाधिकारी, सांसद, मन्त्री र प्रधानमन्त्रीहरू देशका जिम्मेदार व्यक्तिहरू हुन् । सर्वसाधारणदेखि आफ्ना कार्यकर्ताहरूलाई बाटो देखाउने काम नेता, मन्त्रीहरूले गर्नुपर्ने हो । त्यो जिम्मेवारी पूरा गर्दैन भने ती नेता तथा कार्यकर्ताहरू असल, इमानदार हुँदैनन् ; देशभक्त र दूरदर्शी भएनन् भने आफ्ना मातहतका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता तथा कर्मचारीहरू कसरी इमानदार हुन्छन् र आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पालना गर्छन् ? शासकहरूले शक्ति र पदको दुरूपयोग गर्नु हुँदैन । आपराधिक क्रियाकलापलाई दुरूत्साहित गर्नुपर्छ । आपराधिक व्यक्तिहरू दण्डित हुनुपर्छ । दण्डित हुनुपर्ने व्यक्तिहरू पुरस्कृत भयो भने त्यसले राम्रो सन्देश दिँदैन ।

शासकहरूको सम्पत्ति सार्वजनिक नगर्नु भनेको जसले जति पैसा कमाए पनि मतलब छैन भन्नु हो । सवाल नेता र मन्त्रीहरूको मात्र होइन कुनै उच्चपदस्थ वा सांसद, जनप्रतिनिधि, व्यापारी र व्यवसायीको पनि हो । पदको दुरूपयोग गरी कसैले अवैध ढङ्गले सम्पत्ति कुम्ल्याउनु न्यायोचित होइन । सामान्य कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति सार्वजनिक गर्नुपर्ने व्यवस्था भएको यो देशमा मन्त्री र प्रधानमन्त्रीहरूको सम्पत्ति सार्वजनिक नगर्दा जनताले के भन्लान् ? पहिले मन्त्रीहरूको सम्पत्ति सार्वजनिक भएको थियो । कानुनको पालना सबैले गर्नुपर्छ ; कानुन सबैलाई लागु हुनुपर्छ । कानुनको पालना गर्नु सरकारको कर्तव्य हो । त्यो कर्तव्य सरकारले पालना गर्नुपर्छ । अत: अवैध सम्पत्ति आर्जन गर्ने काम रोक्नुपर्छ । त्यो रोक्ने काम शासकहरूले नै सुरू गर्नुपर्छ ।

# "प्राचीन 'रेशम मार्ग' ले आज संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको छ"



✍ नारायणमान बिजुक्छेँ (रोहित)

*सम्पदाको संरक्षण गर्दा नेपालको सन्दर्भमा ढुङ्गा, माटो, काठ र अन्य प्रयोग गरिएका मिश्रण गरिएका वस्तुको अनुसन्धान गर्नु हो तथा ती वस्तुलाई आजको सन्दर्भसँग तुलना गर्नु हो । स्थानीय हावापानीअनुसारका निर्माण र निर्माणमा प्रयोग गरिएका सामग्रीको अनुकूलतालाई ध्यान दिई प्रयोग गर्दा आफ्नै देश, समाज र स्थानीय वस्तुको प्रयोग भई देशको अर्थतन्त्रलाई सघाउनु स्वाभाविक हो ।*

सम्पदा संरक्षणको अर्थ प्राचीन सीप र शैलीबाट नयाँ युगको पनि सेवा गर्नु हो । त्यसको पुनरुत्थान गर्नुको उद्देश्य पुरानो ज्ञान र सीपलाई देश र जनताको सेवामा लगाउनु हो । विशेषताबिना कुनै समाज, देश र राज्यले आफूलाई जीवित राख्न सक्दैन ।

सम्पदाको संरक्षण गर्दा नेपालको सन्दर्भमा ढुङ्गा, माटो, काठ र अन्य प्रयोग गरिएका मिश्रण गरिएका वस्तुको अनुसन्धान गर्नु हो तथा ती वस्तुलाई आजको सन्दर्भसँग तुलना गर्नु हो । स्थानीय हावापानीअनुसारका निर्माण र निर्माणमा प्रयोग गरिएका सामग्रीको अनुकूलतालाई ध्यान दिई प्रयोग गर्दा आफ्नै देश, समाज र स्थानीय वस्तुको प्रयोग भई देशको अर्थतन्त्रलाई सघाउनु स्वाभाविक हो ।

हरेक १० वर्षमा जसरी आर्थिक सङ्कटबाट पार पाउन बढी ज्यामी प्रयोग हुने सडक, पुल, नहर र अन्य निर्माण कार्यलाई प्राथमिकता दिँदा समाजमा मुद्राको परिचालन, उत्पादनको निरन्तरता र व्यापारको वृद्धिले आर्थिक सङ्कटबाट उम्कने बाटो खोलेको इतिहास छ । सालाखाला हरेक १० वर्षमा आउने आर्थिक सङ्कटले अमेरिकालाई जोगाउन स्तालिन-रोजबेल्टको मार्सल प्लानले फासीवादलाई हराउन ठुलो भूमिका खेल्यो । त्यसलाई पछि 'गुप्त जानकारी' भनियो ।

तर, अमेरिकी राष्ट्रपति रुजवेल्टको मृत्युपछि सत्तामा दक्षिणपन्थी ट्रुम्यान आएपछि म्याकार्थीको युगले दोस्रो विश्वयुद्धपछि संसारमा पुन:शीत युद्ध सुरु भयो । सङ्ग्रहालयहरू (म्युजियम) र चिडियाखाना (Zoo) हरूको संरक्षण गर्दा प्राचीनता र इतिहासलाई वर्तमानसँग जोड्ने कार्य गर्छ । डार्विनको 'जीवहरूको उत्पत्ति' ले बाँदर, वन मान्छे र मानिसको बिचमा साइनो जोड्ने सजिलो राजमार्ग बनायो । त्यस आविष्कारले जीवनशास्त्रमा मात्रै होइन समाजमै एक विकासवादी सोच प्रदान गर्यो र राजनीतिशास्त्रमा समेत दैवी सिद्धान्त, शक्ति सिद्धान्त र समाज सम्झौता सिद्धान्तबाट अगाडि राज्यको उत्पत्ति र विकासमा नयाँ विकासवादी सिद्धान्तको प्रादुर्भाव भयो ।

त्यस्तै, अमेरिकी अनुसन्धानकर्ता लेविस मोर्गनका 'प्राचीन समाज' को सन् १८७७ मा प्रकाशन हुँदा समाज विज्ञानमा पनि ठुलो हलचल ल्याइदियो । अमेरिकी प्राचीन समाजमा जसलाई मानव समाजको शैसवकाल भनिने समाजमा 'व्यक्तिगत सम्पत्ति' थिएन र 'शोषण' पनि थिएन भन्ने टुङ्गोमा पुर्‍याइदियो । त्यो एउटा ठुलो आविष्कार थियो - मोर्गनको । सन् १८४८ को कम्युनिस्ट घोषणापत्रमा 'मानव समाज वर्गसङ्घर्षको इतिहास हो' भन्ने धारणामा मार्क्स र एङ्गेल्सलाई 'आदिम साम्यवाद' वर्गविहीन र शोषणविहीन समाज थियो भन्ने टुङ्गोमा पुग्न सजिलो बनायो र भविष्यमा वैज्ञानिक समाजबाट मानव समाजको गन्तव्य साम्यवाद हो भन्ने निष्कर्षमा पुर्‍याइयो ।

यसरी मानिसलाई प्राचीन समाजबाट वर्तमान र भविष्यको उज्ज्वल समाजमा पुर्‍याउनेबारे आज दुईमत नहोला, जसरी आगोको आविष्कारले मानिसलाई जीवन रक्षामा ठुलो योगदान गरेजस्तै कम्पास र भापको आविष्कारले समाजलाई पुँजीवादको विकास गर्न ठुलो योगदान गर्यो ।

ऐतिहासिक सम्पदा संरक्षण र संवर्द्धन सँगसँगै चौतर्फी प्राचीनताको अध्ययनले वर्तमानदेखि मानव जातिलाई भविष्यको गन्तव्यसम्म पुग्ने प्रकाशसम्ममा पुग्न सहयोग गर्छ । प्राचीन 'रेशम मार्ग' ले आज संसारलाई एक सूत्रमा बाँध्न सबैले सहयोग गरेको सर्वविदितै छ ।

वर्तमान समयले मूर्त सम्पदामै चिन्ता गर्ने होइन बरु नाचगान, रीतिरिवाज, लवाइखवाइ, सदाचार, शिक्षा र उपचारजस्ता अमूर्त सम्पदासमेत अनुसन्धान, जानकारी र त्यसको संरक्षण र संवर्द्धनमा ढिलो गर्नुहुन्न ।

यसको निम्ति हाम्रा विश्वविद्यालय र कलेजहरू, पुरातत्त्व विभाग र प्रज्ञा प्रतिष्ठानजस्ता प्राज्ञिक संस्थाहरू अगाडि बढ्नुपर्ने देखा पर्दै छ ।

अव्यवस्थित सहरीकरणको विकल्प 'स्मार्ट सिटी' हुनसक्दैन, स-साना नगरहरूको निर्माणले प्रदूषणमुक्त गर्न र बन्दोबस्त गर्न सजिलो हुन्छ भने 'स्मार्ट सिटी' व्यापार हो ।

पहिले ढल बनाउने, अनि सडक र केही महिनापछि नै सडक फोडेर तार बिछ्याएर महिनौँसम्म सडक, नगर र बस्तीलाई हिलाम्य र धुलाम्य बनाउने कहाँको योजनाबद्ध विकासको मोडल हो - कसैलाई थाहा छैन । यसबारे योजना आयोग, सहरी विकास र उपत्यका विकास कसरी बेखबर होला ?

संयुक्त राष्ट्रसङ्घको युनेस्कोबारे हामी सबै जानकार छौँ । तर, युनेस्कोलाई उपनिवेशवादी सम्पदा संरक्षक बनाउँदा प्राचीन देश र समाजको प्राचीनताका अवशेषहरू लोप हुँदै जाने सम्भावनालाई बिर्सनु हुन्न । यसबारे नेपाल सचेत हुनैपर्छ ।

*(विश्व सम्पदा दिवसको अवसरमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा 3rd National Conference On Architectural Trends And Heritage,२०८१ मा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा शुक्रबार व्यक्त मन्तव्य- सं)*

# 'सय वर्षपछिको भक्तपुर' पुस्तक भक्तपुर पुन:निर्माणको लागि मार्गदर्शन हो




✍ सुनिल प्रजापति, भक्तपुर नगरपालिकाका प्रमुख

***इतिहासविद् जगदिश शमशेर राणाले भक्तपुरमा बाह्रै महिना चलिरहने नाचगान, बाजागाजा, चाडपर्व, सांस्कृतिक समूह, विभिन्न भाषाभाषी, जातजातिबारे गहन अध्ययन र अनुसन्धान गरी भक्तपुरलाई 'नाचगानको राजधानी' संज्ञा दिनुभएको थियो । त्यसैगरी, जर्मनी वास्तुकलाविद् निल गोत्सेले भक्तपुरलाई जीवित सङ्ग्रहालयको उपमा दिनुभयो । ई.ए. पावेलले भन्नुभएको थियो, "नेपाल आएर भक्तपुरको दरबार क्षेत्र घुमेन भने संसारकै आधा संसार नघुमे सरह हुन्छ ।"***

भक्तपुर क्षेत्रफलको आधारमा देशकै सानो नगरपालिका भए पनि पर्यटकीय गन्तव्य र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको नगर हो । ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक दृष्टिले यो अनुपम नगर तथा काष्ठकला, धातुकला र मूर्तिकलाको दृष्टिले नेपालकै उत्कृष्ट नगर हो ।

इतिहासविद् जगदिश शमशेर राणाले भक्तपुरमा बाह्रै महिना चलिरहने नाचगान, बाजागाजा, चाडपर्व, सांस्कृतिक समूह, विभिन्न भाषाभाषी, जातजातिबारे गहन अध्ययन र अनुसन्धान गरी भक्तपुरलाई 'नाचगानको राजधानी' संज्ञा दिनुभएको थियो । त्यसैगरी, जर्मनी वास्तुकलाविद् निल गोत्सेले भक्तपुरलाई जीवित सङ्ग्रहालयको उपमा दिनुभयो । ई.ए. पावेलले भन्नुभएको थियो, "नेपाल आएर भक्तपुरको दरबार क्षेत्र घुमेन भने संसारकै आधा संसार नघुमे सरह हुन्छ ।"

भक्तपुरको सांस्कृतिक वैभवलाई हेरेर विद्वानहरूले यो नगरलाई धेरै किसिमले परिभाषित गर्नुभएको छ । यस्तो महत्त्वपूर्ण नगरबारे १०० वर्षपछिको भविष्यको कल्पना स्वयम् एक महान् कार्य हो । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले आज भन्दा २५ वर्षअघि २०५६ सालमा '१०० वर्षपछिको भक्तपुर' लेखेर भक्तपुरको भविष्यको रूपरेखा कोर्नु भयो ।

'सय वर्षपछिको भक्तपुर' पुस्तकको रूपमा भने २०५९ सालमा मात्रै प्रकाशित भएको हो । पुस्तकले भक्तपुरको भविष्यको लागि मार्ग निर्देश गर्‍यो । भक्तपुर विकासको निम्ति पुस्तक एक प्रकारको गुरु योजना बन्यो । २०५४ सालमा निर्वाचित जनप्रतिनिधिहरूले त्यसलाई कार्यान्वयनको थालनी गर्नुभयो । 'सय वर्षपछिको भक्तपुर' सार्वजनिक भएकै वर्ष २०५६ सालमा ख्वप उच्च मा.वि., २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजहरू स्थापना भयो । २०५९ सालदेखि देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए । १५ वर्षसम्म स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा विकास निर्माणमा भक्तपुर धेरै पछि पर्‍यो । तत्कालीन जनप्रतिनिधिहरू जनताको सेवाबाट पछि हट्नु भएन । अर्को निर्वाचितहरू नआएसम्म जनप्रतिनिधिहरूकै रूपमा जनताको सेवामा लाग्नुभयो । त्यही क्रममा २०६० सालमा ख्वप बहु प्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, त्यहीबिच शारदा कलेज र मा.वि. पनि नगरपालिकाको जिम्मेवारीमा आयो । २०७४ सालको निर्वाचनपछि निर्वाचित प्रतिनिधिहरूको निरन्तर प्रयास स्वरूप २०७९ सालमा ख्वप कलेज अफ ल सञ्चालनमा आयो ।

बाँकी पृष्ठ ५ मा

# निकट भविष्यमा कस्तो होला संसार ?

## एक आँखीझ्याल

✍ एरिका युङ र केल्भिन यू

**साम्राज्यवादविरोधी डिग्रोथतर्फ**

उत्तरी गोलार्द्धको अति पुँजी सञ्चय गाजालगायत क्षेत्रलाई अविकसित राखेर र ती क्षेत्रमा गरिने 'फोहर सञ्चय' का कारण मात्र सम्भव भएको हो। दिन प्रतिदिन हामी विश्व पुँजीवादी व्यवस्था चालु राख्न आवश्यक अत्याचार झन्झन् बढिरहेको देख्दै छौँ। यो पेचिलो, असङ्गतिपूर्ण र नारकीय भुमरीबाट निस्किने उपाय आर्थिक वृद्धि (डिग्रोथ) तथा पुँजी सञ्चय ( डिएक्युमुलेसन) को मारबाट मुक्ति नै हो। अर्को विकल्प छैन। तर, अन्तर्राष्ट्रवादी तथा साम्राज्यवादविरोधी ऐक्यबद्धताबेगर डिग्रोथको लक्ष्य



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस

हासिल गर्न सकिन्न। यी भावनाका आधारमा अनेक रणनीति बनाएपछि मात्र विश्वभरि डिग्रोथमा जान सकिन्छ। विश्वका धेरैजसो श्रमिक सङ्गठनले प्यालेस्टिनी मुक्ति सङ्घर्षको पक्षमा वक्तव्य जारी गरे। तर, युद्ध प्रक्रियालाई अवरुद्ध गर्न र जातिसंहारक पुँजीलाई चुनौती दिनका लागि उत्पादनका जरा हल्लाउन सक्ने अझ सशक्त रणनीतिहरू अपनाउन आवश्यक छ। हतियार उत्पादनको अन्त्य डिग्रोथ अभियानसँग प्रत्यक्ष जोडिएको छ। डिग्रोथको आधारभूत सिद्धान्त नै नाफा र आर्थिक वृद्धिको लागि जीवनलाई ध्वस्त पार्नुको सट्टा उत्पादनको सामाजिक सम्बन्धमै हेरफेर ल्याएर जीवनलाई दिगो तुल्याउनु हो।

अर्को शब्दमा उत्पादनका साधनहरूलाई जीवनको विनाशतिर नधकेली समाजका हितकारी आवश्यकताको सेवामा तान्न कामदारवर्गले तिनलाई नियन्त्रणमा लिनैपर्छ; यसको लागि उसले आफूलाई योग्य पार्नैपर्छ। वर्तमान व्यवस्थाजन्य अवरोधका कारण यस्तो हेरफेर सम्भव भएन भने कामदारवर्गले प्यालेस्टिनलगायत क्षेत्रका जनताप्रतिको सिद्धान्तनिष्ठ ऐक्यबद्धताका लागि आफ्नै भौतिक स्वार्थलाई तिलाञ्जली दिन पनि तयार रहनुपर्छ। शोषित वा सहुलियत प्राप्त गरी दुई स्थितिमा रहेका उत्तरी गोलार्द्धका कामदारहरूबिचको अर्को अन्तर्विरोधलाई पनि हल गर्नुपर्छ। यो उँच-नीच साम्राज्यवादी व्यवस्थाले पैदा गरेको हो।

अर्थतन्त्रका विभिन्न शाखामा बाँडिएको कामदारवर्गबिच एउटा विस्तृत सहकार्य हुनुपर्छ। यो सहकार्य साधन र साध्य दुवै हो। यसले कामदारहरूलाई अझ सशक्त गतिविधि गर्न योग्य मात्र पार्दैन। बरु, साँचो अर्थमा डिग्रोथको लक्ष्य हासिल गर्न पनि यस्तो सहकार्य अति आवश्यक छ। साम्राज्यवादविरोधी डिग्रोथ वास्तवमा विश्व अर्थतन्त्रको आमूल रूपान्तरण हो। यसमा एउटा एकीकृत बहुपक्षलाई अँगालेको योजनाबद्ध अर्थतन्त्र निर्माण गरिन्छ। त्यो अर्थतन्त्रमा विभिन्न क्षेत्रको संयोजन हुन्छ र त्यसलाई समस्त समाजले नियन्त्रण गर्छ। त्यस अर्थतन्त्रबाट प्राप्त अतिरिक्त उत्पादनलाई समग्र समाजको कल्याणमा परिचालित गरिन्छ।

विश्वमा बलियो राज्यनिर्देशित योजनाबद्ध डिग्रोथको अभाव छ। यही दृश्यबिच अन्तर्राष्ट्रिय श्रमिक ऐक्यबद्धताका अनेक उदाहरण देखापरेका छन्। यही फेब्रुअरीमा भारतीय बन्दरगाहमा काम गर्ने मजदुरहरूले इजरायल लग्ने 'हतियारवाहक जहाज' मा सामान राख्न र झार्न अस्वीकार गरे। दुई वर्षअघि 'अमेरिकी सञ्चार मजदुर' नामक संस्थाका सदस्य मजदुरहरूको एउटा ऐक्यबद्धता दल रोजगारी रक्षा तथा अतिरिक्त कामजस्तो साझा चासोको विषयमा छलफल गर्न फिलिपिन्समा पठाएको थियो। कामदारहरू स्वयम्ले यस्तो पाइला चाल्न नसक्दा 'प्यालेस्टिन एक्सन' जस्ता अभियन्ता समूहले प्रत्यक्ष कदम चाल्ने जिम्मेवारी लिन्छन्। सो संस्थाले हतियार उत्पादन कम्पनी एल्बिट सिस्टमविरुद्ध लामो र प्रत्यक्ष पाइला चाल्यो। त्यस संस्थाले एल्बिटलाई बेलायतको ट्याम्वर्थस्थित उसको 'एलिट केएल' कारखाना बेच्न बाध्य पाऱ्यो। घट्दो नाफा, बढ्दो सुरक्षा खर्च र उच्चस्तरको आपूर्ति शृङ्खला हेर्दा 'प्यालेस्टिन एक्सन' को उक्त कदम सही ठहरियो। यस्ता दाउपेचका साथै मानिसहरू क्रान्तिकारी सङ्गठनमा आबद्ध हुने प्रतिबद्धता निकै महत्त्वपूर्ण हुन्छ। यसरी मात्र समयान्तरमा शक्तिको निर्माण गर्न र हातेमालो गर्न सम्भव हुन्छ। यो हातेमालो 'एउटा आमूल रूपान्तरणकारी एवम् सुगठित कार्ययोजना लागु गर्न तथा हामी बाँचिरहेको संसारको पुन:संरचना गर्ने ध्येयले जनतालाई परिचालन गर्न' उन्मुख हुनुपर्छ।

केही थान हरित सामाजिक सुधार अथवा सामाजिक जनवाद पक्षधर वामपन्थीहरूको प्यारो 'न्यु ग्रीन डील' को पछि लागे हामी शासकवर्गले बिछ्याएका दुई जालोमा पर्छौँ। पहिलो, हामीले तिनीहरूको नाफा सञ्चयलाई हरियो रङले पोत्ने मौका दिन्छौँ। यसका साथै उत्तरी गोलार्द्धका श्रमजीवी जनतालाई रक्तरञ्जित हरियो जुठोपुरो सुनिश्चित गरेर सर्वहारा विजयको दाबी गर्न पुग्छौँ। दोस्रो, हामीले सामाजिक जनवादीहरूको प्रतिनिधित्व र तिनले चलाइरहेको बहसलाई वैध तुल्याउँछौँ। जब कि उनीहरूले एकै सासमा प्यालेस्टिनी हकहितको कुरा पनि गर्छन् र दक्षिणपन्थीहरूलाई नष्ट गर्न हतियार तथा प्रविधिको तारिफ पनि गर्छन्। लेनिनको शब्द सापटी लिएर तिनीहरूलाई 'हरित सामाजिक साम्राज्यवादीहरू' भन्न सकिन्छ। जलवायु अभियन्ता तथा युद्धविरोधी अधिकारकर्मीहरूले यसकारण एकाधिकार पुँजीले कसरी हरित साम्राज्यवादी दाउपेचहरू प्रयोग गरेर झन् बढी आदिवासी भूमि र प्राकृतिक स्रोतसाधन दोहन गर्छ; झन् बढी कार्बन डाइअक्साइट उत्सर्जन गर्छ र प्यालेस्टिनी बालबालिकाको हत्या गर्छ भनी पहिल्याउन जरुरी छ। अन्तिम विश्लेषणमा प्यालेस्टिनको मुक्तिबेगर जलवायु न्याय असम्भव छ।

**प्रविधिभन्दा अगाडि ऐक्यबद्धता**

सन् १९७० को दशकतिरै पश्चिमा शासकवर्गलाई नजिकिँदै गरेको जलवायु विनाशबारे थाहा थियो। त्यतिबेला नै जीवाश्म इन्धनमा आधारित विश्व अर्थतन्त्रमा रोक लगाउनुपर्ने उसले बुझिसकेको थियो। माथिका तथ्यहरू थाहा पाइसकेपछि रूपान्तरणका कुराले अझै पनि धेरैलाई अल्मल्याउन सक्ने देखिन्छ। कामदार तथा शोषकहरू दुवैको कानमा तेल हालेर सुताउने माथिको दाउपेचले त्यतिबेला मात्र काम गर्न सक्छ जतिबेला तिनीहरूमा एकतर्फी प्रविधिको प्रगतिमाथि अन्ध-आस्था जाग्छ। विज्ञानको प्रतापले प्रकृतिलाई समन गर्न सक्छ भन्ने यो अन्ध श्रद्धा मानिसहरूमा जगाउनुपर्छ। प्रकृतिसँगको अन्तरक्रियामा विज्ञान र प्रविधिले ठुलो देन दिएको नकार्न सकिन्न। तर, विज्ञान र प्रविधि आफैँमा तटस्थ साधन होइनन्। प्रगतिको विचारधारा आफैमा प्रतिक्रियावादी बन्न सक्छ। प्राविधिक समाधानको सकसबारे सारमा निम्न कुरा भन्न सकिन्छ :

प्रविधि सही कि गलत अथवा मान्छेले वातावरणलाई आकार दिनु सही कि गलत भनी बहस गर्नु ठीक छैन। बरु हामीले पर्यावरणीय




जटिलतालाई प्रजातान्त्रिक प्रणालीमा ढाल्ने बाटो खोज्न आवश्यक छ। समस्याको प्राविधिक पक्षमा मात्र ध्यान दिएर ऐतिहासिक र सामाजिक सन्दर्भलाई बेवास्ता गरेको खण्डमा समस्याको मूल जरा ज्यूँका त्यूँ रहनेछन्।

आणविक ऊर्जा उत्पादनमा इजरायलको सुरुआतले निश्चय नै यहुदीवादी उपनिवेशवादलाई अघि बढाउने विज्ञान पैदा गर्नेछ। तर, यो विज्ञान प्यालेस्टिनी जनताबाट खोसिएको भूमिमा अमेरिकी सेनाको सहकार्य तथा सिलिकन उपत्यकाको पैसाले पोषित हुनेछ। यो विज्ञान पैदा गर्न युरेनियम उत्खनन तथा प्लुटोनियम प्रशोधनमा सिद्धहस्त विज्ञहरूलाई नेगेभ मरुभूमिस्थित आणविक हतियारको प्रयोगशालामा परिचालित गरिनेछ। विज्ञान र मिडियाले लगातार सचेत पार्दा आणविक ऊर्जालाई जलवायु सङ्कट समाधान गर्ने उपाय मान्नु असम्भव सपनासरि हुनेछ। 'प्रकृतिलाई रताउने' विचारधारामा टेकेर गरिने प्राविधिक उन्नति पनि यस्तै सपना साबित हुनेछ। (साथै राष्ट्रिय मुक्तिका लागि प्रविधिको प्रयोगका लागि पनि अलग्गै उत्पादन सम्बन्ध आवश्यक पर्छ।) यहुदीवादले 'मरुभूमिलाई हराभरा बनाउने' झूट लगातार भट्याइरहेको छ। यसबाट पर्यावरणमैत्री आधुनिकताको मूर्खता र घातक पक्ष मात्र सिद्ध हुन्छ। यी विचार आफैँमा प्रविधिसम्बन्धी पुँजीवादी विचारधाराकै अङ्ग हुन्।

जातिसंहारका दुई महिना बितिसकेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले मानव जाति 'एकढिक्का बन्नुपर्ने' रटान दोहोऱ्याइरहेका छन्। उनी 'सम्पूर्ण समुदायलाई जलवायु सङ्कटबाट जोगाउनुपर्ने तथा पृथ्वी र पृथ्वीवासीलाई सुहाउँदो नवीकरणीय, दिगो एवम् समतापूर्ण भविष्यलाई मलजल गर्नुपर्ने' बताइरहन्छ। उनले भनेजस्तो भविष्य हासिल गर्न गाजा अथवा दक्षिणी गोलार्द्धका देशहरू साम्राज्यवादी हिंसाको चपेटामा परेसम्म असम्भव छ। साम्राज्यवादको भवन भत्किन थालेपछि मात्र आर्थिक वृद्धि (डिग्रोथ) तथा पुँजी सञ्चय ( डीएक्युमुलेसन) को मारबाट पार पाउने प्रक्रिया अघि बढ्न सक्छ। एउटा प्रजातिको रूपमा अस्तित्ववान् हुन र सबै मानिसको लागि स्वाभिमानपूर्ण जीवन यापनका लागि चाहिने न्यूनतम सुविधा प्राप्त गर्न उपनिवेशवादबाट मुक्तिको आधारभूत आवश्यकता पूरा हुनैपर्छ।

**स्रोत : 'साइन्स फर द पिपल' बाट**

***अनुवाद : सम्यक***

***समाप्त***

---

*'सय...*

अहिले नगरपालिका मातहत दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। ती शैक्षिक संस्थाहरूमा हाल देशका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। पुस्तकमा नगरपालिकाहरूको आ-आफ्नो नगर अस्पताल, शिशुशालाहरू, बालउद्यानहरू, विद्यालय र महाविद्यालयहरू छन् (पेज ७०)। १०० वर्षपछिको त्यही परिकल्पना साकार पार्ने उद्देश्यले नै नगरपालिकाले वडा वडामा शिशुस्याहार केन्द्रहरू सञ्चालन गरिरहेको हो।

भक्तपुर नगरपालिकाले पुस्तकलाई आधार बनाई योजनाबद्ध विकास गर्दै छ। नगरमा ढलहरू छोपिएका छन्, खुला छैनन्, सबै ढलका फोहोर उपचार पोखरीमा जान्छ र सफा गरेपछि मात्र खोलामा बग्छ (पेज ६९)। भक्तपुर नगरपालिकाभित्र हनुमन्ते खोला र खासाङखुसुङ खोलाहरू बग्छन्। ती खोलाहरूमा अहिले पानी होइन ढल बगिरहे छन्। त्यसमा सफा पानी बगाउने उद्देश्यले भनपा ७ हनुमानघाट र भनपा २ सल्लाघारी गरी भक्तपुर नगरका २ वटा ठाउँहरूमा फोहोर पानी उपचार पोखरीहरू निर्माण हुँदै छ। खोलाको दुवै किनारामा फोहोर बग्ने ढलको पाइपको व्यवस्था भइसकेको छ।

पुस्तकमा नगरपालिकाहरूमा आआफ्नै नगर अस्पताल छन् (पेज ७०)। भक्तपुर नगरपालिकामा घर दैलो नर्सिङ, वडा वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्र, १०० शय्याको ख्वप अस्पताल, आयुर्वेदिक स्वास्थ्य केन्द्र, स्वास प्रश्वास पुनर्स्थापना केन्द्र र ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालनमा छन्। त्यसका अलावा प्रदेशअन्तर्गतका भक्तपुर अस्पताल, सङ्घीय सरकारअन्तर्गतका भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रले पनि त्यतिकै सेवाप्रदान गरिरहेको छ। यस अर्थमा भक्तपुरका जनताले सामान्यदेखि जटिल रोगसम्मको उपचार भक्तपुरमै पाउन सम्भव भएको छ। स्वास्थ्य सेवामा यति सहज उपचार सायदै अरु ठाउँमा जनताले पाएका छन्। जनताले अक्सिजन र रगत नि:शुल्क पाइरहेका छन्।

नगरपालिकाहरूको आफ्नै खानेपानी व्यवस्था, आवास क्षेत्रहरूको र बजारको व्यवस्था छ (पेज ७०)। भक्तपुर नगरपालिकाको निरन्तरको प्रयासले अधिकांश नगरवासीहरूको घरघरमा मेलम्चीको पानी पुगेको छ। अझै कहीँ कहीँ समस्या छ। त्यसको लागि पनि नगरपालिकाले प्रयास गर्दै छ।

कमलविनायक आवास योजना, लिबाली आवास योजना र तुमचो दुगुरे आवास योजना सम्पन्न गरिसकेको छ भने अहिले देको मिवा इतापाके आवास योजना चालु अवस्थामा छ। ती सबै ठाउँमा व्यवस्थित बस्तीको विकास भइरहेको छ।

बजार व्यवस्थाको लागि नगर प्रहरी भर्ना गरी परिचालन गर्दै छौँ। बजारमा अखाद्य वस्तुहरूको बिक्री वितरण नियन्त्रणका लागि बजार अनुगमनको व्यवस्था छ।

वर्षको ३० लाख पर्यटक आउने र हरेक वर्ष दिनमा ५००० पर्यटक आउनेछन्। आयको प्रमुख स्रोत बन्नेछ।

भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै छ। वार्षिक लाखौँ पर्यटक आएको रेकर्ड छ। बितेको नौ महिनामा १ लाख ८५ हजार विदेशी पर्यटकहरूले भक्तपुरको भ्रमण गरेका छन्। नेपाल आएका पर्यटकहरूमध्ये एक चौथाइ भक्तपुर आउने गरेको रेकर्ड छ। पर्यटन विकासलाई ध्यानमा राखेर जापानी भाषा, चिनियाँ भाषा, कुक तालिम, स्थानीय पथ प्रदर्शक तालिमलगायत विभिन्न तालिमहरू दिइरहेका छौँ।

समय-समयमा सांस्कृतिक प्रदर्शनीको आयोजना, टोलटोलमा बाजा प्रशिक्षणको व्यवस्था, सांस्कृतिक गुरुहरूको सम्मान र बाजा समूहहरूलाई आर्थिक सहयोगको नीति बनाई सांस्कृतिक क्षेत्रलाई प्रोत्साहित गर्दै छौँ। यही वैशाख २२ गते गुँलाबाजा प्रतियोगिताको आयोजना गर्दै छौँ।

२०७२ सालको भूकम्पबाट भत्केका अधिकांश सम्पदाहरूको पुन:निर्माण कार्य सम्पन्न भएका छन्। गएको ५ वर्षमा १२४ वटा सम्पदाहरू मौलिक शैलीमा नगरपालिकाको आफ्नै स्रोत, साधनहरूको परिचालन गरी सम्पन्न गऱ्यौँ। मौलिक शैलीमा घर बनाउनेहरूका लागि ३५ प्रतिशतसम्म अनुदानको व्यवस्था गर्दै छौँ। इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषालगायत विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ।

आर्थिकरूपले पछाडि परेका ६ सय जना विद्यार्थीलाई रु. ५ लाखका दरले शैक्षिक ऋण दिएर विभिन्न उच्च शिक्षा अध्ययनको अवसरमा प्रदान गर्दै आएका छौँ।

हामीले चाहेर पनि दरबार क्षेत्रस्थित न्ह्येकं झ्यो दरबार बनाउन सकेका छैनौँ। भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र संस्कृति मन्त्रालयबिच उक्त दरबार मल्लकालीन शैलीमै बनाउनेमा सहमति भयो। तर, विभिन्न प्राविधिक कारण अझै निर्माण कार्य अगाडि बढ्न सकेन। नगरपालिकाकै लगानीमा थंथु दरबार पुन: निर्माण गर्दै छौँ। हामी हाम्रो सम्पदा पुन:निर्माण र जीर्णोद्धारको लागि अरुको भर परेनौँ।

**सम्पदा पुन:निर्माण र जीर्णोद्धारमा देखिएका केही समस्या र चुनौतीहरू :**

- सम्पदाहरू पुन:निर्माणको लागि आवश्यक काठहरू सरकारी मूल्यमा उपलब्ध गराउने कानुनी व्यवस्था हुनुपर्ने,
- सम्पदा पुन:निर्माण र जीर्णोद्धारको कार्य स्थानीय जनतामार्फत गर्ने बन्दोबस्त हुनुपर्ने,
- नेपाल सरकारले आवश्यक जनशक्ति तयार गर्न स्थानीय तहलाई आवश्यक सहयोग गर्नुपर्ने,
- मौलिकता जोगाउन पुरातत्त्व विभाग कडाइका साथ प्रस्तुत हुनुपर्ने र
- सम्पदा पुन:निर्माण र जीर्णोद्धारको जिम्मेवारी विदेशीलाई दिन नहुने।

यसरी भक्तपुरको सम्पदाहरूको मौलिकता जोगाई 'सय वर्षपछिको भक्तपुर' पुस्तकमा लेखिएझैँ "भक्तपुर एउटा आश्चर्यको नगर हुनेछ, बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो र राती प्राचीन लुगा लगाएकी सुन्दरीजस्तो देखिने छ।" यो साँच्चै पृथ्वीमा 'स्वर्ग' को एक टुक्रा हुनेछ। पुस्तकका लेखक नारायणमान बिजुक्छेँलाई धन्यवाद।

***(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विश्व सम्पदा दिवसको अवसरमा २०८१ वैशाख ६ गते आयोजित 'सय वर्षपछिको भक्तपुर' पुस्तकबारे प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)***




जर्मनीको बर्लिनस्थित सङ्घीय चान्सलरीनजिकै बुन्देस्ताग (संसद्को तल्लो सदन) मा रहेको राइख्स्टाग भवनको अगाडि जम्मा भई इजरायली बर्बरताविरुद्ध प्रदर्शन गरिरहेका प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरू अप्रिल २५, २०२४ का दिन । प्रदर्शनकारीहरूमाथि जर्मन प्रहरीले दमनको प्रयास गरेको थियो ।

*तस्बिर : (ओड एन्डरसेन/ एएफपी*

# चीन र अमेरिका 'प्रतिद्वन्द्वी नभई साझेदार हुनुपर्छ'- सी



बेइजिङ, १४ वैशाख (एएफपी) । चीनका राष्ट्रपति सी जिनपिङले शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँग विश्वका दुई सबैभन्दा ठुला अर्थतन्त्र 'प्रतिद्वन्द्वी नभई साझेदार' हुनुपर्ने बताउनुभएको छ । यद्यपि उहाँले दुई मुलुकबिचको सम्बन्धमा रहेका 'थुप्रै मुद्दा' को समाधान गर्नुपर्ने बताउनुभयो ।

एक वर्षभन्दा कम समयमा दोस्रो पटक चीनमा ब्लिङ्केनले राजधानी बेइजिङमा चीनका प्रमुख राजनीज्ञिहरूसँग भेट गर्नुभयो । भेटमा अमेरिकी अधिकारीहरूले रूस, ताइवान र व्यापारसहित मतभेदका महत्त्वपूर्ण क्षेत्रलाई प्रत्यक्षरूपमा उठाउने बताएका छन् ।

सरकारी प्रसारक सीसीटीभीका अनुसार बेइजिङको ग्रेट हल आफ दि पिपुलमा ब्लिङ्केनसँग भेट गर्दै राष्ट्रपति सीले गत वर्ष अमेरिकी राष्ट्रपति जो बाइडेनसँग भेट भएपछि दुवै मुलुकले 'केही सकारात्मक प्रगति हासिल गरेको' बताउनुभयो ।

उहाँले भन्नुभयो, "दुवै मुलुक साझेदार हुनुपर्छ, प्रतिद्वन्द्वी होइन; अहिले पनि धेरै मुद्दा छन् जसको समाधान गर्न आवश्यक छ र थप प्रयासहरूका लागि अझै ठाउँ छ, संरा अमेरिकाले पनि चीनको विकासप्रति सकारात्मक दृष्टिकोण अपनाउन सक्छ भन्ने हामीले अपेक्षा गरेका छौं ।"

उहाँका अनुसार मूलभूत समस्याको समाधान भयो भने सम्बन्ध वास्तवमा स्थिर हुनसक्छ, राम्रो हुन सक्छ र अगाडि बढ्न सक्छ ।

यसअघि भ्रमणमा रहनुभएका विदेशमन्त्री ब्लिङ्केनले रूसका लागि समर्थनसहितका मुद्दामा चिन्ता व्यक्त गर्नुभएपछि चीनका विदेशमन्त्री वाङ यीले अमेरिकी दबाब 'ह्रासोन्मुख' हुने चेतावनी दिनुभयो । उहाँले स्व-शासित ताइवानको प्रश्न 'पहिलो सीमा' हो भन्दै यसलाई चीन-अमेरिका सम्बन्धमा पार गर्न नहुने चेतावनीसमेत दिनुभयो ।

ब्लिङ्केनले डियाओयुताई स्टेट गेस्ट हाउसमा वाङसँगको साढे पाँच घन्टासम्म भएको छलफल 'व्यापक र रचनात्मक' रहेको बताउनुभयो । उहाँले बेइजिङमा शुक्रबार अमेरिकी पत्रकारहरूसँग कुराकानी गर्नुहुनेछ ।

# कोका-कोला ब्रान्डेड प्लास्टिक प्रदूषणको विश्वको सबैभन्दा ठूलो उत्पादक

क्यानबेरा, १४ वैशाख (सिन्ह्वा) । विश्वव्यापी रूपमा वातावरणमा पाइने ब्रान्डेड प्लास्टिक प्रदूषणमध्ये आधाभन्दा बढी ५६ कम्पनीबाट आएको अन्तर्राष्ट्रिय अनुसन्धानले देखाएको छ ।

बिहीबार प्रकाशित एक अध्ययनमा अस्ट्रेलियाको राष्ट्रिय विज्ञान एजेन्सी राष्ट्रमण्डल वैज्ञानिक र औद्योगिक अनुसन्धान सङ्गठन (सीएसआइआरओ) लगायत १२ अन्तर्राष्ट्रिय संस्थाहरूले प्लास्टिक प्रदूषणका लागि जिम्मेवारीको पहिलो मापन प्रदान गरेका छन् ।

चौरासी देशमा फैलिएको पाँच वर्षको प्लास्टिक फोहोर अवलोकन कार्यक्रमको तथ्याङ्कमा आधारित अनुसन्धानमा सबै ब्रान्डेड प्लास्टिक प्रदूषणको आधाभन्दा बढीका लागि ५६ कम्पनी र १३ कम्पनी प्रत्येक एक प्रतिशतभन्दा बढीका लागि जिम्मेवार रहेको पाइएको छ ।

कोका-कोला कम्पनी ब्रान्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठुलो उत्पादक रहेको छ । यसले विश्वव्यापी कूल प्रदूषणमा ११ प्रतिशत योगदान गर्दछ । त्यसपछि पेप्सीको पाँच प्रतिशत, नेस्ले र फ्रान्सेली खाद्य कम्पनी डेनोन प्रत्येकको तीन प्रतिशत रहेको थियो । सबै १३ कम्पनी कम्तीमा एक प्रतिशत खाना, पेय पदार्थ वा सुर्तीजन्य उत्पादनका लागि जिम्मेवार थिए ।

सिएसआइआरओका अनुसन्धानकर्ता क्याथी विलिसले भन्नुभयो, "यी खोजले वातावरणमा प्लास्टिक उत्पादन समाप्त हुन्छन् भन्नेबारे नयाँ अन्तरदृष्टि प्रदान गर्दछ र एकल-उपयोग प्लास्टिकलाई सम्बोधन गर्ने समाधानहरूको महत्त्वलाई प्रकाश पार्दछ । यसले नयाँ उत्पादनहरूका लागि विश्वव्यापी माग घटाउने र पुनः प्रयोग गर्ने र मर्मत गर्ने क्षमतालाई बढाउने सुरक्षित र दिगो उत्पादन डिजाइनहरू समावेश गर्दछ ।"

समग्रमा अनुसन्धानले वातावरणमा ब्रान्डेड र गैर-ब्रान्डेड प्लास्टिक प्रदूषणको मात्रा ५०-५० मा विभाजित भएको फेला पारेको छ । विलिसले प्लास्टिक प्रदूषण पत्ता लगाउने क्षमता र जवाफदेहिता बढाउन प्याकेजिङको ब्रान्डिङमा सुधार ल्याउन अन्तर्राष्ट्रिय मापदण्डका लागि आग्रह गर्नुभयो ।

# चीन भ्रमण गर्ने योजनामा पुटिन

मस्को, १४ वैशाख (एएनआई) । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी मे महिनामा चीन भ्रमण गर्ने योजना बनाउनुभएको रूसी समाचार एजेन्सी तासलाई उद्धृत गर्दै क्योडोले जनाएको छ ।

पुटिनले बिहीबार रूसी युनियन अफ इन्डस्ट्रियलिस्ट एन्ड इन्टरप्रेन्योर कङ्ग्रेसको सम्बोधनमा आफ्नो मे महिनामा चीनको भ्रमण तय भएको उल्लेख गर्नुभयो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन बेइजिङ आइपुगेको केही समयपछि पुटिनको यस्तो घोषणा आएको हो ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले यसै महिनाको सुरूमा बेइजिङमा रूसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भेट गर्नुभएको थायो ।

युक्रेन युद्धमा आफ्नो तटस्थता दावी गरे पनि चीन रूसका लागि महत्त्वपूर्ण आर्थिक साझेदारको रूपमा देखापरेको छ र उसले रूसको एक्लिएको अर्थतन्त्रलाई महत्त्वपूर्ण समर्थन प्रदान गरेको छ । दुई राष्ट्रले पश्चिमी नियन्त्रण प्रयासहरूको विरूद्ध कूटनीतिक गठबन्धन पनि गरेका छन् ।

अन्य देशहरूले रूसी आयातमा प्रतिबन्ध लगाएपछि बेइजिङले निरन्तर रूसी तेल आयात गरिरहेको छ ।

पुटिनको पछिल्लो बेइजिङ भ्रमण सन् २०२३ अक्टोबरमा बेल्ट एन्ड रोड फोरमको समयमा भएको थियो । त्यस्तै सीले सन् २०२३ मार्चमा मस्कोको भ्रमण गर्नुभएको थियो ।

# चिनियाँ वैज्ञानिकद्वारा सेलफोन चार्ज गर्न सक्ने पहिरनयोग्य ब्याट्रीको निर्माण

साङ्घाई, १४ वैशाख (सिन्ह्वा) । चिनियाँ वैज्ञानिकहरूको टोलीले ऊर्जा भण्डारण गर्न सक्ने तथा स्मार्टफोन र घडीजस्ता व्यक्तिगत इलेक्ट्रोनिक उपकरणलाई पनि शक्ति दिने नरम र सास फेर्न सक्ने कपडाको विकास गरेको छ ।

'पोलिमर जेल इलेक्ट्रोलाइट्स' सँग परम्परागत तरल इलेक्ट्रोलाइट्स प्रतिस्थापन पहिरन योग्य ब्याट्रीको लचिलोपन वृद्धि गर्नका लागि अत्यन्त प्रभावकारी रणनीति हो । पोलिमर जेल इलेक्ट्रोलाइट्स ऊर्जा रूपान्तरण र भण्डारण यन्त्रहरूजस्तै ब्याट्री र इन्धन कक्षमा प्रयोग गरिन्छ ।

यद्यपि पोलिमर जेल इलेक्ट्रोलाइट र इलेक्ट्रोड बिचको इन्टरफेसमा अपर्याप्त गिलोपनले विशेषगरी ब्याट्री विकृतिको चरणबाट गुज्रिँदा इलेक्ट्रोकेमिकल कार्यसम्पादनलाई घटाउँछ ।

फुदान विश्वविद्यालयका शोधकर्ताहरूले इलेक्ट्रोड डिजाइनभित्र च्यानल संरचना बनाएका छन् । यसले घनिष्ठ र स्थिर इन्टरफेस सिर्जना गर्दा पहिरन योग्य ब्याट्रीको प्रदर्शन र विश्वसनीयता बढाउँछ ।

शोधकर्ताहरूले आइभी र बोटबिरूवाहरू जोडिएका तथा धेरै इलेक्ट्रोड फाइबर एकसाथ घुमाएर पङ्क्तिबद्ध च्यानलहरू बनाउने प्राकृतिक घटनाबाट प्रेरणा लिएका छन् । आईभीले बोटको वृद्धिको बानीलाई वर्णन गर्दछ र यसमा कुनै पनि सङ्ख्यामा पछि लाग्ने वा चढ्ने प्रजाति र प्रजातिहरू समावेश हुन सक्छन् । प्रत्येक इलेक्ट्रोड फाइबरको सतह नेटवर्क च्यानलसँग डिजाइन गरिएको थियो ।

नेचर जर्नलमा यस हप्ता प्रकाशित अध्ययनअनुसार मोनोमर समाधानलाई पङ्क्तिबद्ध च्यानलमा घुसाइएको र त्यसपछि जेल इलेक्ट्रोलाइट बनाउन नेटवर्क च्यानलमा घुसाइएको थियो ।

टोलीले फाइबर लिथियम-आयन ब्याट्रीहरू धेरै किलोमिटर लम्बाइ र उच्च ऊर्जा घनत्वका साथ बनाउन सफल भयो । यसले ड्रोनजस्ता विद्युतीय उपकरणलाई प्रभावकारीरूपमा शक्ति प्रदान गर्न सक्छ ।

पेपरका सम्बद्ध लेखक पेङ हुइशेङले भन्नुभयो, "शोधकर्ताहरूले एक 'पाइलट उत्पादन लाइन' स्थापना गरेका छन् र यसले प्रतिघण्टा तीन सय वाट उत्पादन क्षमता हासिल गरेका छन् । यो प्रतिघण्टा उत्पादन गरिएको ब्याट्री बराबर हो र यो २० वटा मोबाइल फोन एकै पटक चार्ज गर्न सक्षम छ ।" पाइलट लाइनले औपचारिक ठूलो उत्पादनअघि मध्यम-स्तरीय उत्पादन लाइनलाई जनाउँछ र यसमा अवलोकन सुधार गर्ने परीक्षण कार्य हुन्छ ।

# पाकिस्तान र इरानबाट चार दिनमा करिब छ हजार अफगानी शरणार्थी स्वदेश फर्किए

काबुल, १४ वैशाख (रासस/एएफपी) । छिमेकी मुलुक पाकिस्तान र इरानबाट हालैका दिनमा पाँच हजार ९४० अफगानी शरणार्थी स्वदेश फर्केको आप्रवासी मामिलासम्बन्धी आयोगले शुक्रबार जनाएको छ । शरणार्थीहरू पाकिस्तान र इरानबाट तोरखाम, स्पिन बोल्दाक, इस्लाम काला, अब्रेसाम र अङ्गोराडा नाका हुँदै अफगानिस्तानतर्फ फर्केको आयोगले सामाजिक सञ्जालमार्फत् सार्वजनिक विज्ञप्तिमा जनाएको छ ।

अफगान अधिकारीहरूका अनुसार पाकिस्तानी सरकारले अफगान आप्रवासीहरूलाई फिर्ता पठाउने दोस्रो चरण अप्रिल १५ मा सुरू गरेको थियो र पहिलो चरणमा पाँच लाख ५० हजारभन्दा बढी अफगान शरणार्थीहरू पाकिस्तानबाट फर्केका थिए । अफगानी सरकारी तथ्याङ्कअनुसार २५ लाखभन्दा बढी अफगानी शरणार्थी पाकिस्तानमा बस्दै आएका छन् भने करिब त्यत्तिनै सङ्ख्यामा इरानमा रहेका छन् । अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका अफगानी आप्रवासीहरूलाई स्वदेश फर्कन र आफ्नो युद्धग्रस्त देशको पुनर्निर्माणमा योगदान गर्न आग्रह गर्दै आएको छ ।


# लाओसमा दादुरा, रूबेलाबाट बालबालिकालाई जोगाउन खोप अभियान सुरू

भिएन्टियान, १४ वैशाख (सिन्ह्वा) । लाओसको स्वास्थ्य मन्त्रालयले बालबालिकाको स्वास्थ्य रक्षाका लागि राष्ट्रव्यापी दादुरा र रूबेला खोप अभियान सुरू गरेको छ । लाओ स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्यका लागि सूचना र शिक्षा केन्द्रले लाओसमा मे २० देखि मे ३१ सम्म चल्ने यस अभियानको उद्देश्य बाल्यकालका दुई रोग फैलिनबाट जोगाउन रोक्ने मुख्य उद्देश्य रहेको जनाएको छ ।

बिहीबार पत्रकार सम्मेलनमा लाओसका स्वास्थ्य उपमन्त्री स्नोङ थोङ्स्नाले बालबालिकाका लागि लाओसको खोप प्रयासमा सबै सरोकारवालाहरूको ठुलो योगदानको लागि कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले यस अभियानबाट पाँच वर्षमुनिका पाँच लाखभन्दा बढी बालबालिकालाई सुरक्षा प्रदान गर्ने अपेक्षा गरिएको बताउनुभयो ।

लाओसका सबै स्वास्थ्य केन्द्रमा लाओ स्वास्थ्य मन्त्रालयको प्रशासनअन्तर्गत दादुरा र रूबेला खोप निःशुल्क उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो ।

**हार्दिक समवेदना**



जन्म
२०५६/०५/११

निधन
२०८१/०१/04

यस समूहका सदस्य **राकेश कारंजित**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**खँचा युवा समूह**

रामसुन्दर बनमाला
श्रीकृष्ण बनमाला
विश्वराम बनमाला
श्रीगोपाल बनमाला
सुजन बनमाला
राजेश बनमाला
निरज बनमाला
जीवन बनमाला
राजेन्द्रकुमार बनमाला
रोशन बनमाला
अमन बनमाला
विक्रम बनमाला
दिनेश बनमाला
रविन बनमाला
विष्णुप्रसाद बाटी
सन्दिप बोहजु
साजन प्रजापति
सुजन कारन्जित
विजे ज्याख्व
राजकुमार लाखे

# कसैको पनि नहोस् अशुद्ध नाम

✍ इकुश्रे

संसारको जुनसुकै देशमा जन्मे पनि र जुनसुकै धर्म-सम्प्रदायको अनुयायी भए पनि, मानिसको पहिलो परिचय भनेकै उसको नाम हो। उसलाई नामबाटै बोलाइन्छ, नामबाटै चिनिन्छ। मानिस जीवनभरि मात्र होइन मृत्युपछि पनि नामबाटै परिचित हुन्छ। त्यसैले जोसुकैका लागि पनि आफ्नो नाम ज्यादै प्यारो र महत्त्वपूर्ण हुन्छ। "जीवनमा तिमीले आफ्नो नाम राख्नुपर्छ, समाजको नाम राख्नुपर्छ, देशकै नाम राख्नुपर्छ," भन्ने आशीर्वादमा पनि नामकै महत्त्व झल्किएको देखिन्छ।

यस्तो विशेष महत्त्वको नाम, विभिन्न जातधर्म र संस्कारमा आफ्नै तरिकाले राखिन्छ। कतै जन्मबारका आधारमा आइते, सोमे, मङ्गले नाम राखिन्छ। कतै आफूले मान्ने गरेको भगवान् र तीसँग सम्बन्धित अर्थका आधारमा पनि राखिन्छ। नामले वर्ग पनि छुट्याउने गर्छ। धनीको नामको धेरै चर्चा र महत्त्व हुन्छ तर गरिबको असली नाम थोरैलाई मात्र थाहा हुन्छ। मजदुर/श्रमिक वर्गका मानिसलाई नामले भन्दा पनि कामका आधारमा चिन्ने गरिन्छ।

हिन्दू सनातन धर्ममा, गर्भाधानदेखि अन्त्येष्टिसम्म गरी जम्मा सोह्र संस्कार छन्। तीमध्ये नामकरण एउटा महत्त्वपूर्ण संस्कार हो। न्वारान नाम दिइएको यो संस्कार, ज्योतिषीय आधारमा शिशु जन्मेको ११ दिनमा सम्पन्न गरिन्छ। बालक जन्मँदा केकस्तो ग्रह-नक्षत्र भेटेर जन्मेको हो भन्ने आधारमा उसको जन्मकुण्डली तयार गरिन्छ। उसको स्वभाव, पेसा, विवाह, जागिरका विषयमा भविष्यवाणी पनि गरिन्छ। अहिले पनि उहिलेका कतिपय विशिष्ट व्यक्तिका जन्मकुण्डली जिज्ञासुहरूले अभिरुचिका साथ अध्ययन गर्छन्।

नेपालमा अधिकांश हिन्दू धर्मावलम्बी भएकाले पनि होला, यहाँ राखिने पुरुष तथा स्त्रीका नाम हिन्दू देवी देवताका छन्। पुरुषका नाम राम, श्याम, कृष्ण, विष्णु, हरि, गोपाल, गोविन्द इत्यादि छन् भने स्त्रीका सीता, गीता, गौरी, पार्वती, भगवती, लक्ष्मी इत्यादि। यी नामहरू निश्चय नै हाम्रा हुन्। हाम्रा भएकैले यी राम्रा,पवित्र र स्मरणीय पनि छन्।

नाम व्यक्तित्वको भावनात्मक पहिचान पनि हो। जसरी ज्यान सुहाउँदो आकर्षक पोसाकले व्यक्तिको व्यक्तित्वमा प्रभावशाली भूमिका निर्वाह गर्छ त्यसरी नै सार्थक नामले व्यक्तिको मानसिकतासित पनि गहिरो सम्बन्ध राख्छ। तर, यो कुरा मनन नगरी आजकल आधुनिक र सभ्य बन्ने नाममा जथाभावी नाम राख्ने गरिएको छ।

कोही दम्पत्ति आफ्नो शिशु नजन्मँदै, छोरा भए के र छोरी भए के नाम राख्ने भनेर छलफल गर्न थाल्छन्। कसैले श्रीमान् र श्रीमतीको नामको सुरुसुरुको अक्षर जोडेर आफ्ना सन्तानको नाम राख्छन्। जसरी होस् आफ्नो सन्तानको नाम 'युनिक' होस् भन्ने कुरामा आजका दम्पत्ति सचेत देखिन्छन्। यस क्रममा उनीहरू स्वेदशी नेपाली नामभन्दा पनि विदेशी अङ्ग्रेजी नाम राख्न रुचाउँछन्। त्यसो त 'आमा', 'बुआ' 'काका', 'काकी' जस्ता जस्तो नेपालीपन र आत्मीयता झल्काउने नामका सट्टा आजकल ममि, डेडी, अङ्कल, आन्टीजस्ता विदेशी नामलाई हामीले अँगालो हाल्न थालेको पनि धेरै भइसक्यो। यस्तो भएपछि हाम्रा बालबालिकाका नाम अल्बर्ट, माइकल, न्युटन, निक्सन, ह्यारिस, टोम, थोमस, रोबर्ट, ज्याक्सन, जोलिया, क्याथरिन, मेरी, सोनिया, रोनिक, एरिका, सोफिया इत्यादि हुनु नौलो कुरो भएन। "बेलायती प्रधानमन्त्रीको नाम ऋषि सूनक छ, नेपालीहरूले के यस्तो नाम राखेका होलान् !" भनेर कसैले गुनासो गरे पनि कसैले सुन्नेवाला छैन।

चलनचल्तीका र स्वाभाविक नाम लेखाइमा पनि यहाँ सर्वत्र अशुद्धि देखिन्छ।

वागीश्वरीको अर्थ 'वाणीकी देवी', 'सरस्वती' हो भन्ने कुरा धेरैलाई थाहै छ। त्यही भएर धेरै विद्यालयको नाम 'वागीश्वरी' राखिएको पाइन्छ। तर, यति सामान्य कुरो पनि नबुझेरै त होला, धेरै विद्यालयले 'बागेश्वरी' लेख्ने गरेको पाइयो। विद्यालयकै नाम अशुद्ध भएपछि सर्वसाधारण नागरिक र विद्यार्थीको नाम के शुद्ध हुन सकोस् !

एकजना काकाको नाम 'नारायणबहादुर' हुनुपर्नेमा नागरिकतामा 'नार्रानबहादुर' रहेछ ! त्यसैले कुनै बैठक/भेला हुँदा उहाँलाई, आफ्नो नाम कसैले जान्ने भएर 'नारायणबहादुर' लेखिदेला भन्ने पिर हुन्थ्यो। कसैले त्यहाँ शुद्धरूपमा 'नारायणबहादुर' लेखेको रहेछ भने त्यसलाई बिगारीकन 'नार्रानबहादुर' बनाउन लगाएर मात्र उपस्थिति सही जनाउनुहुन्थ्यो उहाँ। सम्झन थाल्ने हो भने, 'नार्रानबहादुर' काकाजस्ताका नाम जत्ति पनि भेट्टाउँछौँ हामी।

कुरो अलि पहिलेकै हो। एकजना छात्राको नाम सुशीला रहेछ। तर, उनको एसएलसीको परीक्षा आवेदन फाराम भर्दा विद्यालयले नेपालीमा 'शुसीला' र अङ्ग्रेजीमा पनि यसैअनुसार मिलाएर लेखिदिएको हुँदा उनको 'मार्क शिट' मा त्यही भएर आएछ। "सुशीला जस्तो राम्रो र सार्थक नाम भए पनि, विद्यालयले गल्ती गरिदिएका कारण, त्यसको सजाय मैले जीवनभरि नै 'शुसीला' जस्तो नराम्रो र निरर्थक बोकेर भोग्नुपर्ने भइरहेछ," उनी गुनासो गर्दै थिइन्।

कक्षा ८ मा पढ्ने एकजना छात्राको नाम 'श्रद्धा' रहेछ। तर, उनले आफ्नो गृहकार्य पुस्तिकामा 'श्रर्द्धा' लेखेको देखेपछि नेपाली शिक्षकको हैसियतले मैले, उनले आफ्नो नाम शुद्धसँग लेख्नै पो नजानेको हो कि भनेर, "तिम्रो नाम त्यस्तो 'श्रर्द्धा' होइन, यस्तो 'श्रद्धा' हुन्छ" भनेर उनको कापीमै लेखेर देखाइदिएँ। तर, उनले मैले लेखिदिएजस्तो लेख्न मानिनन्। वास्तविकता के रहेछ भने, उनको जन्मदर्तामै 'श्रर्द्धा' रहेछ। त्यसैले शुद्ध 'श्रद्धा' लेख्दा बिग्रिन्छ भन्ने डरले उनी जन्मदर्ताबमोजिम अशुद्ध 'श्रर्द्धा' नै लेख्दिरहिछिन् ! छोरीको त्यस्तो अशुद्ध नाम सच्याउने विषयमा मैले उनका बुबालाई पनि फोन गरेँ। तर, उहाँले चासो गर्नुभएन वा प्रयास गर्दा पनि केही चलेन-मैले थाहा पाइनँ। मैले हेर्दाहेर्दै उनले आफूले लेख्ने गरेकै नाममा कक्षा ८ को परीक्षा आवेदन फाराम भरिन्, रजिस्ट्रेसन आवेदन फाराम भरिन् र एसईईको परीक्षा आवेदन फाराम पनि भरेर भर्खरै परीक्षै दिइसकिन्।

त्यस्तै, 'मनिसा' को नामलाई लिएर, 'मनीषा' को अर्थ 'मन वा मस्तिष्कको विशिष्ट शक्तिका रूपमा विकसित बुद्धि' हो भनी बताइदिएँ। एउटी प्रसिद्ध नेपाली नायिका पनि आफ्नो नाम 'मनीषा' लेख्छिन् भनेँ। तर उनको पनि जन्मदर्तामा 'मनिसा' नै रहेछ ! मेरो सुझावको कुनै अर्थ रहेन। 'प्रस्ना' लाई 'प्रश्ना' लेख्नुपर्छ भनेँ। 'शैलेजा' लाई 'शैलजा' लेख्दा मात्रै सार्थक हुन्छ भनेँ। 'निष्था' लाई 'निष्ठा' बनाउन आग्रह गरेँ। 'दिप्सिका' लाई 'दीपशिखा' भयो मात्र तिम्रो नाम जीवनभरि उज्यालो देखिन्छ भनेँ। 'सीतल' ले शीतल बुझाउँदैन भनेँ। 'चाँन्दनी' लाई बिचको /न/ नचाहिँदो भयो भनेँ। 'अविसेक' लाई तिमी 'अभिषेक' हौ भनेँ। 'सुवेच्छा' लाई 'शुभेच्छा' लेख्नु उत्तम हो भनेँ। त्यस्तै 'तपस्विया' लाई पनि 'तपस्या' वा 'तपस्विता' लेख्नु राम्रो हुन्छ भनी सम्झाएँ। तर, उनीहरू सबैको नाम जन्मदर्तामै त्यसरी अशुद्ध भएर दर्ता भएको रहेछ। त्यसैले चाहेर पनि उनीहरूले मैले भनेबमोजिम आफ्नो नाम सच्याएर लेख्न सक्ने भएनन्।

भोलिका दिनमा उनीहरूले नागरिकता बनाउँछन्। सरकारी नोकरीमा प्रवेश गर्छन्। तर, पनि उनीहरूको नाम जीवनभरि नै परिवर्तन नहुने भयो ! थोरै सच्याउँदा सार्थक र आकर्षक देखिने ती नाम, स्थानीय पञ्जिकाधिकारीको अज्ञानताका कारण असुहाउँदिला र सार्थकताविहीन रहिरहने भए। त्यसैले जन्मदर्ता गर्दादेखि नै हाम्रा बालबालिकाको नाम शुद्ध हुनुपर्‍यो। कतिपय आमाबाबु शुद्ध/अशुद्ध थाहा नपाउने भएकोले हाम्रा स्थानीय तहका वडा सचिवहरू कमसेकम नेपाली/अङ्ग्रेजी हिज्जेमा शुद्ध नाम लेख्न सक्ने क्षमताका हुनुपर्‍यो। केही गरी स्थानीय पञ्जिकाधिकारीले बालबालिकाको नाम अशुद्ध लेखेका भए सो जन्मदर्ता प्रमाणपत्र लिएर विद्यालयमा भर्ना गराउन जाँदा विद्यालयको सिफारिसमा सुधार गरिदिनुर्ने व्यवस्था हुनुपर्‍यो।

माध्यमिक तह उत्तीर्ण नगर्दासम्म सरकारी नोकरी प्रवेशका लागि उम्मेदवार बन्न योग्य ठानिँदैन। उच्च शिक्षाको स्तरमा पुग्न पनि बाँकी नै हुन्छ। त्यसैले, कुनै पनि विद्यार्थीले कक्षा ८ मा पुग्दासम्म उसको शुद्ध र सार्थक हिज्जेसहितको नामथर सुधार्न पाउने सजिलो व्यवस्था भएमा सबैको जीवन शुद्ध नाममा बित्ने थियो।


## हार्दिक समवेदना



जन्म
२०५६/०५/११

निधन
२०८१/०१/०४

यस समूहका सदस्य **राकेश कारंजित**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं

**साथीहरू**

आशाकाजी बनमाला, अमन बनमाला, दिनेश बनमाला, राजाराम बासी
भैलबहादुर बनमाला, राजेश बनमाला, बालकृष्ण प्रजापति, कृष्णबहादुर मानन्धर
विमल बनमाला, श्रीगोपाल बनमाला, कृष्णराम प्रजापति, रामभक्त मानन्धर
नरेश बनमाला, रोशन बनमाला, गणेश साँद, धन मानन्धर(प्रविन)
रामसुन्दर बनमाला, उमल बनमाला, प्रदीप पलिखेल, पुरुषोत्तम मानन्धर
श्रीकृष्ण बनमाला, तुल्सीराम बनमाला(क), पूर्ण कारन्जित, काइँला मारिखु
सुजन बनमाला, रामगोविन्द बनमाला, विष्णु ग्वाछा, विजय ज्याख्व
निरज बनमाला, सुमन गोसाई

**पंबो गणेश समूह (क)** **पंबो गणेश समूह (ख)**


लघु कथा

# धर्म र पाप

✍ दुर्गा

बुद्ध जयन्तीभन्दा केही दिनअगाडि थियो। तीन जना स्थानीय बज्यैहरू आसथुकु, गोपथुकु र नानीथुकु पूजा सामग्री लिएर विहारतिर जाँदै थिए। उनीहरूमध्ये दुईजना बज्यैहरू रौद्रमुद्रामा पूजाको सामान बोकी कुरा काट्दै, दुःखका कुरा गर्दै थिए। एक जना बज्यै भने मुस्कुराउँदै उनीहरूका दुःख पीडाका कुरा सुन्दै अगाडि बढ्दै थिइन्। आसथुकु बज्यै छोरा बुहारीबाट पीडित थिइन्। मनको बह पोख्दै उनले बुहारीतिर इङ्गित गर्दै भनिन्, "त्यसले मलाई यति दुःख दिन्छे, त्यस्तो दुःख कसैले पशुलाई पनि दिँदैन। उनी टेढो आँखाले हेरी धारे हात लगाउँदै सरापेर जान्छे। नौ नौ महिनासम्म खाई नखाई, दुःख सुख नभनी जन्माइ हुर्काएको छोराले समेत मेरो मुख कहिल्यै हेर्दैन। माया र सम्मानले 'आमा !' भनेर आजसम्म बोलाएको यो आँखाले हेर्न पाएको छैन। उल्टो कचकच नगर पो भन्छन्।"

आसथुकु बज्यैको मनको बह सुनेपछि गोपथुकु बज्यैले पनि आफ्नो त्यस्तै बह पोखिन्, "मलाई मात्र सन्तान, छोरी नातिले दुःख, पीडा दियो भनेको त तपाईँलाई पनि त्यस्तै रहेछ। आफूले गाँस काटेर जन्माएको, आँसु बगाएर हुर्काएको छोरीले त्यसलाई बिर्सेर, त्यागेर मेरो नामको एक रोपनी जग्गा दिएन, एक तोला सुन दाइजो दिएन भनेर 'आमा !' भन्न त के माइती नै आएन। बाटोमा भेट्दासमेत फनक्क मुख फर्काएर जान्छे। नातिहरू पनि त्यस्तै। बाबु, पानी खान कुरुवा एकचोटि ल्याइदिनुभन्दा आफैँ लिएर खानु, फुर्सद छैन, मेरो गृहकार्य धेरै बाँकी छ पो भन्छन्। तिनीहरू मेरो लागि केको छोरी, केको नाति।"

दुवै बज्यैको दुःख, पीडा र मनको सुनेपछि सम्झाउँदै नानीथुकु बज्यैले भनिन्, "त्यो दुःख पीडाको कारक त तपाईँहरू हुनुहुन्छ। तपाईँहरूले आफ्ना सन्तानलाई फुलको आँखाले हेरे पो व्यवहार पनि शान्त हुन्छ। तपाईँहरूले नै काँडाको आँखाले हेरेपछि, व्यवहार गरेपछि सन्तानबाट फूलको आश गरेर कहाँ पाउनु ? साँच्चै भन्ने हो भने हामी यहाँ विहारमा आएर बुद्धलाई पूजा र प्रार्थना नै गर्नुपर्छ भन्ने छैन। बुद्धले नै भन्नुभएको थियो, "मलाई पूजा गर्नुपर्दैन। म व्यक्तिपूजाको विरोधी हुँ। तपाईँहरूले जहाँ गए पनि, जहाँ रहे पनि सबैले मैले दिएको उपदेश, र ज्ञानलाई आफ्नो जीवनमा र व्यवहारमा उतार्नुपर्छ। कसैको डाहा नगर्नु, सत्य बोल्नु, चोरी नगर्नु, लोभी नहुनु, परिश्रम गर्नु, माया र सम्मानले सबैलाई व्यवहार गर्नु, दीन दुःखीको सेवा गर्नुजस्ता ज्ञान र उपदेश सबैलाई बाँड्ने हो। यसले सबैको कल्याण गर्छ। आफ्नो स्वास्थ्य, शरीर, समाज, देशलाई भन्दा पनि धन सम्पत्ति, लोभलाई प्राथमिकतामा राख्दा पाप बढेको हो। मेरो छोरा त बुद्धजस्ता छन्। दीन दुःखी अनि समाजको सेवा गर्छन्। बुहारी पनि आफ्नै छोरीजस्ती छिन्। नातिहरू पनि श्रवणकुमारजस्ता छन्। मलाई र श्रीमान्लाई असाध्यै माया र सम्मान दिन्छन्। लौ, हामी भगवान्को मूलढोकामा पुग्यौँ। अब धर्म र पापको कुरा यही छोडौँ। भन्दै तीनै जना बज्यैहरू विहारभित्र प्रवेश गर्छन्।

कविता

# श्रमिक दिवस मनाऔँ

✍ साहिँला

कामदार जनता एकजुट होऔँ
अधिकारको निम्ति लड्न
अन्याय, अत्याचार, भ्रष्टाचार
निर्मूल गर्न उठौँ।

कलकारखानाका मजदुरहरू
भरिया, ज्यामी, कारिन्दाहरू
जिउन पुग्ने ज्याला पाउन
एकजुट भई बढौँ।

शिक्षक, प्राध्यापक, वकिल, डाक्टर
पत्रकार, कर्मचारी, इन्जिनियर
सबै हामी बौद्धिक मजदुर
श्रमिक नै त हौँ नि।

बल प्रयोग गर्ने श्रमजीवीहरू
बुद्धि खियाउने बुद्धिजीवीहरू
श्रमिक दिवस भव्यरूपमा
एक भई मनाऔँ।

कविता

# बिकेको मान्छे

✍ वसन्त त्रिपाठी

स्विच थिचेपछि
घुम्न थाल्यो पङ्खा
कति आज्ञाकारी छ
यसलाई मैले बनेको होइन
किनेको हो

बिकेको मान्छे
आदेश पाउने बित्तिकै
इच्छाए जस्तै नाच्न थाल्छ

जसरी मेरो इच्छाको अगाडि
नतमस्तक छ यो पङ्खा

*(साहित्य पेजबाट अनुवाद)*

# एक किलो ७६८ ग्राम सुन र एक करोड बढी रकमसहित सात जना पक्राउ

काठमाडौँ, १४ वैशाख। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले एक किलो सात सय ६८ ग्राम सुन तथा रु. एक करोड ४३ लाख ६० हजार नगदसहित सात जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा दार्चुला महाकाली नगरपालिका-३ टाँटे बस्ने ४७ वर्षीय गणेशदत्त बडू र आयुष बडू, झापा बिर्तामोडका दिनेश खरेल र भरतराज खरेल तथा भारत महाराष्ट्रका अमोल बिभुते, ऋषिकेशप्रकाश बिभुते र गणेशसतिश बाल्टे रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो।

बिहीबार साँझ काठमाडौँको इन्द्रचोकबाट पक्राउ परेका उनीहरूलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले शुक्रबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। ***रासस***

# ललितपुर महानगर प्रमुख महर्जनको ध्यानाकर्षण



ललितपुर, १४ वैशाख । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ, जिल्ला समिति भक्तपुरले मजदुरको सामग्रीमा कर लगाउने व्यवस्थाको खारेज गर्न माग राख्दै ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनलाई नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले एक ध्यानाकर्षण पत्र शुक्रबार बुझाउनुभयो ।

उक्त ध्यानाकर्षण पत्रमा भनिएको छ, "नेपाल क्रान्तिकारी डकर्मी सङ्घ देशमा बढ्दो आर्थिक मन्दीका कारण डकर्मीहरूको रोजीरोटीको निर्माण पेसा सङ्कटमा परिरहेको छ । यसको एउटा कारण विदेशी (भारतीय) कामदारहरू कार्य अनुमतिबिना नेपाल प्रवेश गर्नु हो । यस्तो सङ्कटको अवस्थामा ललितपुर महानगरपालिकाले आफ्नो नगर क्षेत्रमा हुने निर्माण कार्यको लागि मजदुरको ढलानसम्बन्धी फर्माका काठ ढुवानीसमेतमा कवाडीसरह कर उठाएकोमा यो सङ्घको गम्भीर ध्यानाकर्षण भएको छ । दैनिक रोजीरोटीमा लागेका मजदुरहरूलाई महानगरपालिकाको यो करले मर्माहत पारेको हुँदा मजदुरको सामग्रीमा कर लगाउने व्यवस्था खारेज गर्न गराउन अनुरोध गर्दछौँ ।"

उक्त ध्यानाकर्षण पत्र बुझिलिई महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले आइन्दा त्यो कर नलिन आफ्नो मातहतका कर्मचारीलाई आदेश दिँदै उक्त व्यहोराको सूचना सार्वजनिक गर्नसमेत निर्देशन दिनुभएको थियो ।

विष्णुराम दुमरुको नेतृत्वमा गएको उक्त प्रतिनिधिमण्डलमा विक्रम कासिछ्वा, रमेश दुमरु, गणेशभक्त कोजु, सूर्यनारायण फाँजु, विष्णुप्रसाद त्वानाबासु, कवीन्द्र डंगोल र सीताराम दुवाल रहनुभएको छ ।

# किसानहरू सङ्गठित भएर लाग्नुपर्ने



उदयपुर, १४ वैशाख । नेपाल क्रान्तिकारी किसान सङ्घ सिरुवानी एकाइ समितिको आयोजनामा शुक्रबार भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कोसी प्रदेशका सदस्य महेन्द्र बखुन्छेले पुँजीवादी व्यवस्थामा किसानहरूले उत्पादन गरेका तरकारीले बजार नपाउने हुँदा समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

सरकारले समयमै मल, बीउबिजन, कृषि औजार उपलब्ध नगराउँदा समस्या भएको बताउँदै उहाँले किसानहरू सङ्गठित भएर लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले शासक दलले चुनावको बेलामा जनतालाई पैसा, सामान, भोज खुवाएर जितेका कारण अहिले भ्रष्टाचार बढिरहेको बताउनुभयो ।

नेमकिपा कोसी प्रदेश सदस्य दिनेश खड्गीले जनता शिक्षित र सङ्गठित नभएसम्म कामदार जनताले सुख नपाउने भएकोले एकजुट हुनुपर्छ भन्नुभयो । समाजवादी व्यवस्थामा मात्र नि:शुल्क शिक्षा, स्वास्थ्य र योग्यताअनुसारको काम र कामअनुसारको ज्याला हुने भएकोले सङ्घर्षको विकल्प नभएको उहाँले बताउनुभयो । अहिले विश्वमा अमेरिकी साम्राज्यवादले आतङ्क मच्चाइरहेको उल्लेख गर्दै उहाँले नेपाललाई पनि एमसीसी सम्झौतामार्फत सैनिक सङ्गठनमा आबद्ध गरेकोमा जनता सचेत हुनुपर्ने बताउनभयो ।

नेक्राकिसङ्घ सिरुवानीका मोहनबहादुर थापामगरको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा उदयपुर जिल्ला समितिका सचिव पूर्णबहादुर बुढाथोकी, बलबहादुर मगर र सीता थापामगरले पनि बोल्नुभएको थियो ।

# आइतबारदेखि हात्तीपाइले रोगविरुद्ध औषधि खुवाइने

काठमाडौँ, १४ वैशाख । सरकारले यही वैशाख १६ गते ( आइतबार) देखि सात जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि खुवाउने भएको छ ।

हात्तीपाइले रोगको जोखिम रहेका झापा, धनुषा, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तु जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि सबैलाई खुवाउने गरी आम औषधि सेवन अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले जानकारी दिनुभयो । यसअघि ती सात जिल्लामा आम औषधि सेवन अभियान सञ्चालन गरिए पनि सफल नभएपछि पुन: अभियान सञ्चालन गर्न थालेको हो । अभियान दुई हप्तासम्म सञ्चालन हुनेछ । अभियानमा यसपटक करिब ६ हजार स्वास्थ्यकर्मी र पाँच हजार आठ सय महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने छन् ।

निर्देशक डा. मरासिनीका अनुसार सात जिल्लाका एक सय एक स्थानीय तहका ५० लाख ७८ हजार जनालाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन थालिएको हो । दुई वर्षभन्दा बढी उमेरका सबैलाई औषधि खुवाइने उहाँले बताउनुभयो । गर्भवती र सात दिनसम्मका सुत्केरी, छारे रोगको समस्या भएका व्यक्ति, पहिले आम औषधि सेवन गर्दा गम्भीर समस्या देखिएका व्यक्ति तथा सिकिस्त बिरामीले सो औषधि खान नहुने निर्देशक डा. मरासिनीले बताउनुभयो । हात्तीपाइलेविरुद्धको आम औषधि सेवन कार्यक्रम सफल भएको उहाँको भनाइ छ ।

*अव्यवस्थित...*

बताउँदै 'सबैको प्रयासबाट हामी गर्न सक्छौँ' भन्ने प्रतिबद्धताका साथ नगरपालिका अगाडि बढिरहेको जानकारी दिनुभयो ।

भनपाले सम्पदा संरक्षणमा खेलिरहेको भूमिकाबारे प्रस्ट पार्दै उहाँले भनपाले स्थानीय पाठ्यक्रम लागु गरी ९२ वटै विद्यालयहरूमा भक्तपुरको कला संस्कृतिबारे पठनपाठन भइरहेको, विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको तथा सांस्कृतिक गुरुहरूको सम्मानलगायतका कार्यहरू गर्दै आइरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सम्मेलनमा प्रस्तुत हुने प्रस्तुतिले नीति निर्माण गर्ने निकायलाई सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्पदा संरक्षणमा छुट्टै पहिचानको महत्त्व धेरै हुन्छ र स्थानीय स्रोत साधन तथा सीपलाई प्रयोग गर्ने विषयलाई सम्मेलनमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले सरकारी तहबाटै सम्पदा संरक्षणको लागि सुरु भएका प्रयासका दृष्टान्तहरू प्रस्तुत गर्दै दाताहरूले आफ्नो स्वार्थसहित सम्पदा संरक्षणमा सहयोग गर्नेतर्फ सजग हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपप्राध्यापक लिवास फैजुले स्वागत मन्तव्य राख्नुभएको थियो भने युरिका राजवंशीले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म : १९८५।०९।१२
निधन : २०८१।०१।०३

यस श्री श्री श्री इन्द्रायणी माता निजी गुठीका ज्येष्ठ सदस्य **बेलबहादुर कायस्थ**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति श्रद्धाञ्जली अपर्ण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

पुष्पनारायण कायष्ठ
अध्यक्ष
**श्री श्री श्री इन्द्रायणी माता निजी गुठी, परिवार**
खौमा-२, भक्तपुर नगरपालिका

## हार्दिक समवेदना



जन्म
२०५६/०५/११

निधन
२०८१/०१/०४

यस ग्रुपका सदस्य रत्नगोपाल कारंजितका प्रिय छोरा **राकेश कारंजित**को अल्पायुमै असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**रत्नमान एण्ड रत्न गोपाल ग्रुप**

रत्नमान बनमाला
कृष्णराम सुवाल
गणेशमान बनमाला
कृष्णमान बनमाला
रामबहादुर बनमाला
कृष्ण कारंजित
सुमन कारंजित
श्रीगोपाल बनमाला
ओम श्रेष्ठ
सत्यराम बनमाला
अमन बनमाला
दशराम बनमाला
रिजय बनमाला
सुमन दुवाल
पुण्यराम मुस्याख्व
रामकृष्ण बनमाला



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप अस्पताल

च्याम्हासिंह-९, भक्तपुर

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१ वैशाख १५ गते

यस अस्पतालबाट नि:शुल्क वितरण प्रयोजनको लागि औषधि तथा औषधिजन्य सामग्रीहरू खरिद गर्न मिति २०८० चैत ०१ गते प्रकाशित सिलबन्दी दरभाउपत्रसम्बन्धी सूचनाबमोजिम पर्न आएका ४ थान दरभाउपत्रहरूमध्ये तपसिलमा उल्लेखित दरभाउपत्रहरू न्यून मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई आंशिकरूपमा स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित दरभाउपत्र दाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

कामको विवरण : औषधि तथा औषधिजन्य मालसामान आपूर्तिबारे

| Bidders/Groups | Total no. of Item Awarded |
|---|---|
| 1. Bhaktapur Pharmaceuticals Pvt.Ltd. | 4 |
| 2. Pujan Medicine Distributor | 7 |
| 3. Sohan Medi Health | 61 |

विस्तृत जानकारीको लागि
फोन नं. ०१-६६१०३१७


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा